Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ३, २०७६ साल साउन ३१ गते शुक्रबार (August 16, 2019) www.janaakash.com.np मुल्य रु १०।-


## सूचना ! सूचना !! सूचना !!!

यस जनआकाश मिडिया प्रा.लि.ले वार्षिकउत्सवको अवसरमा राष्ट्रलाई योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई प्रत्येक वर्ष सम्मान गर्दै आएको छ यसवर्षबाट अक्षयकोषाको व्यवस्था समेत गर्ने भएको हुँदा विद्यार्थीवर्ग, जन आकाशका शुभचिन्तक, पाठक वर्ग, विज्ञापनदाता, देशभरी रहेका जन आकाशका प्रतिनिधिहरु र सम्मानित व्यक्तिहरु, अतिथि, विशेष अतिथिहरु सबैलाई पत्राचार गरिसकेको र यदी नपुगेको भए यसै सूचनालाई आधिकारिक मानेर उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

कार्यक्रम स्थानः प्रज्ञा भवन, लेखनाथ वाचनालय कक्ष, कमलादी

समयः दिनको १२ बजे

मितिः २०७६।४।३१ गते शुक्रबार

सम्पर्कः ४१६७५७८ (बागबजार), मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# खोक्रो राष्ट्रवाद कहिलेसम्म अलाप्ने ?

- राणा शासनकालमा खोलेको जुटमिलको इट्टासमेत बेचेर सक्ने ।
- नयाँ उद्योगहरु कुनै सिर्जना नगर्ने ।
- गोलभेडा समेत विदेशबाट आयात गरेर खानुपर्ने ।
- विकासको नाममा खनेका अव्यवस्थित सडकको कारण पहिरोमा पुरिएर ज्यान गुमाउनु पर्ने ।
- नेपालको सडक बनाउन भारतको शर्त मान्नु पर्ने ।
- चिनले लिएको ठेक्काहरु पनि समयमा सम्पन्न नहुने ।
- इटालीको कम्पनीले मेलम्ची आयोजना छोडेर भाग्यो ।
- बार्षिक झण्डै ४ अर्बको गाडी आयात गर्ने देश नेपाल ।
- अरुलाई दिनमा १० घण्टा गाली गर्ने आफू केही नगर्ने ।

**मोहन कार्की**

नेपालको खोक्रो राष्ट्रवादको चर्चा नेपालदेखि अमेरिकासम्म चल्ने गरेको छ । खोक्रो राष्ट्रवादको अर्को भाषामा नक्कली राष्ट्रवाद पनि भन्ने गरिन्छ । त्यही नक्कली राष्ट्रवादको नारा लगाउँदै नेपालीलाई झुक्याउँदै नेपाल सक्किनै लाग्यो भन्दै कहिले राणा शासन व्यवस्था मास्नलाई राष्ट्रवादको सहारा लिइन्थ्यो भने प्रजातन्त्र आइसके पछि शासनसत्ता ढाल्ने आफ्नो स्वार्थ पूर्ति गर्नको लागि देशलाई अस्थिरता बनाएर जनतालाई जति दुःख परेपरोस त्यसको कुनै नैतिकता नराखी देशको राष्ट्रियता खतरामा भन्दै एकातिर कराउने अर्कोतिर भारतीय विस्तारवादको नेपालमाथि हस्तक्षेप गऱ्यो भनेर कराउने जब-जब सत्ता भन्दा बाहिर जुन पार्टी बस्छ त्यस पार्टीको नेताले जनतालाई झुक्याएर मन जित्ने काइदाको अस्त्रको रुपमा प्रयोग भएको राजनीतिक झेलको अस्त्र नक्कली राष्ट्रवाद नेपालमा अहिलेसम्म प्रयोग हुँदै आएको छ ।

**नेपाल र अन्य देशको राष्ट्रवाद**

विश्वका जति पनि कठिनपूर्ण आफ्नो निष्ठाको राष्ट्रवादमा विश्वास राख्ने राष्ट्रहरुले प्रगति गरेको उदाहरण धेरै छन् जसमध्ये बेलायत, चीन, कोरिया, साउथ अफ्रिका, हाम्रै छिमेकी राष्ट्र भारत पछिल्ला उदाहरणहरु हुन् भने उत्तर कोरिया र क्युवा चरम राष्ट्रवादको प्रतिरक्षा गरी रहेका छन् भने त्यो भन्दा पनि चर्को राष्ट्रवाद जर्मनको हिटलरलाई लिन सकिन्छ । ति र यी उदाहरणहरु हेर्दा ती वास्तविक राष्ट्रवादको अभ्यास गरेका देशहरु बिकासको गतिमा निक्कै अगाडी बढिसकेका छन् । आफ्नो राष्ट्रको रक्षाको लागि निष्ठापूर्ण अडान लिँदा हजारौं हजारले नरसंहारमा समेत होमिनु परेको इतिहास पहिलो र दोश्रो विश्वयुद्धका घटनाहरुले पुष्टि गरिसकेका छन् ।

हाम्रो नेपालको राष्ट्रवाद चाहिँ नितान्त अरुलाई गाली गर्ने आफू केही नगर्ने मात्र विरोधका लागि विरोध गर्ने भ्रष्टाचार भयो भनेर जो कराउँछ उसैले मै खाउँ मै लाउँ मै मोजमस्ती गरौं भन्ने व्यवहार गरेर विचौलिया बनेर वा कमिशन खाएर वा जालसाक्षी गरेर स्वाभिमानी पौरख गर्नुभन्दा लाचारी विचौलियो बनेर बसेकाहरुको नै ठुला गफ गर्ने चलनको विकास नेपालमा आज पनि हावी छ । यस्तै यस्तै व्यवहार देखाउनेहरुनै राष्ट्रवादको नारा लगाउँछन् । जबकी नेपालमा प्रजातन्त्र ल्याउनलाई अलापिएको राष्ट्रवादले नेपालको प्राकृतिक जलसम्पदाको अधिकार समाप्त गऱ्यो २००७ सालमा राष्ट्रवादसँग जोडेर ल्याएको प्रजातन्त्रले २०११ सालमा कोशी सम्झौता, २०१६ सालमा गण्डक सम्झौता गरी भारतको हातमा नेपालको जलसम्पदाको चावी बुझाउने काम गरेको देखिन्छ र इतिहासमा उल्लेखित छ । यसको असर २०६५ भदौ ५ गते कोशी ब्यारेजमा पानीको बहाव बढेको बेला भारतीयहरुले

बाँकी ८ पृष्ठमा

## ठोसे बजार काठमाडौ नेवाः पुचको सातौ साधारणसभा सम्पन्न

ठोसे बजार काठमाडौ नेवाः पुचको सातौ साधरणसभा आज सम्पन्न भएको छ । काठमाडौंको नयाँ बानेश्वरस्थित म्यगडोनल्स होटलमा कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको संञ्चालन संस्थाका महासचीव सुरेश



सरश श्रेष्ठले गर्नुभएको थियो भने कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष काजी बाहादुर श्रेष्ठले गर्नुभएको थियो । अतिथिहरुमा नेपाल सरकारका संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह सचीव बाबुराम श्रेष्ठ रहनु भएको थियो । ठोसेका काठमाडौमा बसोबास गरी बिभिन्न पेशामा आबद्ध व्यतित्वहरुको बाक्लो उपस्थिति रहेको थियो सोही अवसरमा संस्थाले ८० बर्ष भन्दा उमेर माथि भएका जेष्ठ नागरिकहरुलाइ सम्मान तथा यस बर्ष एस इइमा उत्तिर्ण भएका बिद्यार्थीहरुलाइ प्रोत्साहन सोरुप सम्मान र बधाइ दिएको थियो । ठोसे नेपालको एतिहासिक अथाहा फलामखानी भएको ठाउ हो । राणा साशनकालमा ठोसे मेक्चनमा हतियार बनाएर भोट बाँकी ८ पृष्ठमा

# सिदार्थ बैंकबाट ग्राहकको रकम गायब




काठमाडौं । मानिसहरुले मेहनत गरेर कमाएको रकम सुरक्षित होस् भनेर बैंकमा राख्ने गर्छन् । तर ठिक उल्टो सिदार्थ बैंकमा रकम कारोबार गर्ने ग्राहकहरुको भने एकाउण्टबाट रकम हराउने गरेको ग्राहकहरुको गुनासो बढ्न थालेको छ ।

अचेल दिनहुँजसो सिदार्थ बैंकमा रकम कारोबार गर्ने ग्राहकहरुको हिसावमा स्टेटमेन्ट चके गर्दा ग्राहकहरुले राखेको रकममा घटी देखिएपछि त्यसको समस्या ग्राहकले जानकारी गराउँदा बैंकका कर्मचारीहरुले गैरजिम्मेवारी ढंगबाट तपाइहरुको रकम राखेको र झिकेको स्टेटमेन्टमा आइहाल्छ अरु धेरै बुझ्नु परेमा केन्द्रीय कार्यालय हात्तिसार जानुहोला भन्ने गरेको र सिदार्थ बैंकको हात्तिसारमा गएर बुझ्न खोज्दा जहाँ तपाइले खाता खोलेको हो त्यहीं ब्रान्चमा गएर बुझ्नुस भनि गैर जिम्मेवारी जवाफ दिएपछि ग्राहकहरु आक्रोशित भई त्यही केन्द्रीय कार्यालयमा रहेका बैंकका प्रमुख कार्यकारी अधिकृत शम्भुप्रसाद गौतमलाई भेट्न खोजेको तर शम्भुप्रसाद गौतमले पनि भेट नदिएपछि सिदार्थ बैंकमा रकम जम्मा गरेका ग्राहकहरु निरास भएर फर्केको देख्ने सुन्नेहरुले कुराकानी गरेको सुनिन्थ्यो ।

सिदार्थ बैंकको आन्तरिक समस्या उत्पन्न भएको त ग्राहकहरुलाई जानकारी भएकै हो । पछिल्लो समय एकपछि अर्को गर्दै सिदार्थ बैंकको समस्या विकराल बनेको देखिन्छ ।

## मुक्तिनाथ गोसाइकुण्ड यात्रानुभव पुस्तक विमोचन

काठमाडौं । मुक्तिनाथ गोसाइकुण्ड यात्रानुभव नामक पुस्तक विमोचन भएको छ । यही २५ गते शनिबार बालाजुको गंगबुस्थित एक भव्य कार्यक्रमबीच उक्त पुस्तकको विमोचन



गरिएको थियो । पुस्तकका लेखक कृष्णबहादुर केसीले ( सापकोट) मुक्तिनाथ नेपालको रसुवा जिल्लामा पर्ने र त्यस धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिने भन्दै किताबको बारेमा आफूले यात्रामा देखिएका, भेटिएका र लागेका कुराहरु समेटेको बताएका थिए भने त्यस कार्यक्रममा प्रमुख अतिथि तथा नुवाकोटका सांसद बहादुरसिंह तामाङले किताबको विमोचन गरेका थिए । कार्यक्रममा वरिष्ठ साहित्यकार, लेखक, कवि, कवियत्रीलगायतको उल्लेखनीय मात्रामा उपस्थिति रहेको थियो । त्यसैदिन लेखकलाई कृति प्रकाशन गरेवापत गौरी बाँकी ८ पृष्ठमा

## मेगा बैंकको वितरणयोग्य मुनाफा ९२ प्रतिशतले वृद्धि

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा १ अर्ब ७१ करोड ९३ लाख रुपैयाँ मुनाफा आर्जन गरेको छ । अघिल्लो आर्थिक वर्षमा १ अर्ब ३१ करोड ७४ लाख रुपैयाँ खूद मुनाफा आर्जन गरेको बैंकले यस आर्थिक वर्षमा रु. ४० करोड

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

१९ लाख रुपैयाँ मुनाफा वृद्धि गर्न सफल भएको छ । बैंकले हासिल गरेको यो मुनाफा ३०.५१ प्रतिशतको वृद्धि हो । बैंकले वितरणयोग्य मुनाफामा भने उल्लेख्य वृद्धि गरेको छ । अघिल्लो वर्षको तुलनामा यस वर्ष ९२ प्रतिशतले वितरणयोग्य मुनाफा वृद्धि गर्न बैंक सफल भएको छ ।

आषाढ मसान्त २०७५ को तुलनामा २०७६ आषाढ मसान्तमा बैंकको कूल निक्षेप १८ अर्ब ८९ करोडले वृद्धि भई ८१ अर्ब ८६ करोड रुपैयाँ पुगेको छ जुन ३०.०१ प्रतिशतको वृद्धि हो साथै यो वृद्धि वाणिज्य बैंकहरुमध्ये कै उच्चतम वृद्धि रहेको छ । त्यसैगरी, खुद कर्जा तथा सापटी १५ अर्ब ४८ करोडले वृद्धि भई ७२ अर्ब ७४ करोड रुपैयाँ कायम भएको छ जुन २७.०३ प्रतिशतको वृद्धि हो । बाँकी ८ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# मानवीय संवेदनाको ख्याल गरौं

नेपालमा बहुदल आएपछि की बौलाहरुको राज हुन्छ कि गुँमा मौलाएका मुलाहरुजस्तैको भन्ने चरितार्थ समाजमा देखिन थालेको छ । नेपाललाई नाम मात्रका आयोग, समिति, चाहिएको होइन काम गर्न सक्ने क्षमतावान नागरिक चाहिएको छ ।

तर ठिक उल्टो नेपालमा यतिबेला समिति नै समिति, आयोग, उपसमिति बग्रेल्ती खडा गरिएका छन्, लाग्छ तिनीहरुले गरेको प्रचार हेर्ने हो भने विश्वमा कसैले गर्न नसकेको काम नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संवैधानिक सांसदीय लेखा समिति, उप समिति, बेला बेलामा देशभित्र घट्ने घटनाहरु भएपछि त्यसको छानविन गर्न बनाइने समितिहरु लगायतले नेपालमा गरिरहेको कामको प्रचार प्रसार हेर्ने हो भने उनीहरुले जतिको काम कसैले गरेका छैनन् ।

नेपालको वास्तविक धरातललाई हेर्ने हो भने नेपालको मानवीय चेतनाको सुचांक, भौतिक पूर्वाधारको विकास, मानवले प्राप्त गर्नुपर्ने स्वास्थ्य, शिक्षा, रोजगार, सामाजिक सुरक्षा जोड्ने हो भने ती माथि उल्लेख गरेका आयोग, समितिहरुको काम गराईसँग मेल खाँदैन । किनकी उनीहरुले छानविन गर्नुपर्ने ठाउँ, व्यक्तिसम्म कुनै पनि कामहरु गरेको देखिँदैन । एउटा पक्ष भने अर्को पक्ष राजनीतिक पार्टीबाट चुनाव जितेर संवैधानिक लेखा समिति उप समिति बनाएर काम गर्नेहरुको हैसियत नेपाल एयरलाइन्स खरिद प्रक्रियामा कुन नियतले काम गरेका भन्ने प्रष्ट बाहिर आइसकेको छ । जबकी नेपाललाई २०१७ सम्म टुरिजम वर्ष घोषणा गर्न सरकारले बनाएको योजनालाई विफल बनाउन देशलाई नोक्सान पुऱ्याउन र विदेशी विमान कम्पनीलाई फाइदा पुऱ्याउन रचिएको खेल छर्लङ्ग भइसकेको छ । ५ वर्षसम्म नेपालको आफ्नो ध्वजाबाहक बोइङ्ग नहुँदा नेपाल आउने पर्यटक न्यून भई अर्थतन्त्रमा भारी गिरावट त्यही संसदीय लेखा छानविन समितिको कारणले देशलाई नोक्सान पुगेको थियो । जुन विषय ५ वर्षपछि सर्वोच्च अदालत, अख्तियार दुरुपयोग अनुसन्धान, लेखा समिति कसैले पनि भ्रष्टाचार भएको प्रमाणित गर्न सकेनन् ।

हो यस्तै प्रमाणित गर्न नसक्ने राजनीतिक आडमा प्रतिशोध र गलत कार्य गर्न नमान्ने कर्मचारीहरुलाई अचेल केही हजार पैसा जसले कर्मचारी फसाउन चाहन्छ त्यसले पैसाको आफै जोहो गर्ने फोटोकपी गर्ने पत्रकार भनिने तर पत्रकारको धर्म, पेशा, आचारसंहिता थाहा नभएकाहरुलाई प्रलोभनमा गलत तत्वहरुले प्रभावमा पारी सञ्चारमाध्यममा प्रचार गर्न लगाउन सँगै लिएर जाने अख्तियारलाई पनि खबर गर्ने र जो ती राष्ट्रिय कर्मचारीहरुको कार्य क्षेत्रमा पुग्ने र जर्बजस्ती तैले भ्रष्टाचार गरेको होस् भनेर नियोजित तरिकाले निर्दोषहरुलाई भ्रष्टाचारी बनाउँदै वास्तविक भ्रष्टाचारीहरुलाई गुमनाम बनाउने कार्य पछिल्लो समयमा बढ्दै गएका छन् । सामान्य पिउन, खरिदार, सुब्बाजस्ता पदमा काम गरिरहेका माथि बढी अख्तियार दुरुपयोगको गतिविधिले त्यही देखाउँछ । जबकी पिउन र खरिदारको कुनै अधिकार क्षेत्र नै हुँदैन । अरुले अऱ्हाएको काम गर्ने हो ।

त्यस्तै अशल व्यवहार भएका र रातदिन राष्ट्रको सेवामा खटेका गलत कार्य त परको कुरा गलत मनशाय समेत नराखेका कर्मचारी वा नागरिकलाई भ्रष्टाचारीको आरोप लाग्यो भने के गर्लान् हिम्मत नहार्नेहरुले विद्रोह गर्छन् भने कतिपयले आत्महत्याको बाटोसम्म तय गर्छन् । त्यस्तै आत्महत्या गर्ने मध्यका परेका छन तत्कालीन कलंकीमा नायब सुब्बा हरिप्रसाद आचार्य उनले लेखेको नोटमा सतिले सरापेको देश रहेछ, मैले दुईपैसा पनि घुस वापतको रकम लिएको छैन । तर म देशको ठुलो भ्रष्टाचारी भए भन्ने शब्दले नेपालमा बहुदलीय व्यवस्था स्थापना पछि बहुबल भएका बलजफ्तीहरुले जे गर्दा पनि कानून न्याय संगत हुने अत्ममत जसको सुन्ने कोही छैन त्यस्ता व्यक्तिहरुले असल कर्म गरे पनि जेल जानुपर्ने नेपालमा रोजगार सृजर्ना गर्ने कुनै उद्योग नखोल्ने अनि भीड जम्मा गरेर बहुबल प्रयोग गरेर क्षमता नभएकाहरु नेता बन्ने र तेरो क्षमता छैन भन्ने सक्षम नागरिकहरुलाई जेलमा हाल्ने, पढेलेखेकाहरुलाई विदेशमा काम गर्न पठाउने र बुद्धबृद्धा, केटाकेटीको मात्र शासन गर्ने, नाम मात्रका समिति, उपसमिति, आयोग बनाएर अनियमितता गर्नेहरुले नै अरुलाई अनियमितताको कारवाही कार्यान्वयन गर्नु कत्तिको सान्दर्भिक होला सोचौं गम्भीर भएर ।

# नागार्जुनमा अड्किएको प्रचण्डको मनोरोग

मोहन पोखरेल



**नेकपाको अध्यक्ष जस्तो गरिमामय पदमा पुगेको एउटा चर्चित नेता, त्यसमा पनि प्रधानमन्त्री भइसकेर मुलुकको बागडोर सम्हालिसकेको व्यक्तिले सानातिना विषयलाई आधार बनाई आफैंमा रुमल्लिनु युक्तिसंगत देखिँदैन । आफ्नो कान नछामिकन कागले कान लग्यो भन्दै चिच्याउँदै कागको पछाडि दौड्नु प्रचण्डको विशेषता नै बनेको छ । वितग देखिनै आफूले गरेको गल्तीको महसुस गर्दै आएका प्रचण्डले कतै भोलिका दिनमा बास नै नपाइने होकि भन्ने चिन्ताले सताइरहनु पनि स्वभाविक नै मान्नुपर्छ ।**

सत्तासिन पार्टीको शक्तिशाली पदमा रहेका कमरेड पुष्पकमल दाहाल उर्फ प्रचण्ड यतिखेर हतास मनस्थितिमा छन् । नेपाली राजनीतिका दुर्भाग्यपूर्ण दिनहरु शुरु हुन लागेको छनक पाएर हो, वा अन्य कुनै कारणल हो, समयले बताउला । तर नेकपाको अध्यक्ष जस्तो गरिमामय पदमा पुगेको एउटा चर्चित नेता, त्यसमा पनि प्रधानमन्त्री भइसकेर मुलुकको बागडोर सम्हालिसकेको व्यक्तिले सानातिना विषयलाई आधार बनाई आफैंमा रुमल्लिनु युक्तिसंगत देखिँदैन । आफ्नो कान नछामिकन कागले कान लग्यो भन्दै चिच्याउँदै कागको पछाडि दौड्नु प्रचण्डको विशेषता नै बनेको छ । वितग देखिनै आफूले गरेको गल्तीको महसुस गर्दै आएका प्रचण्डले कतै भोलिका दिनमा वास नै नपाइने होकि भन्ने चिन्ताले सताइरहनु पनि स्वभाविक नै मान्नुपर्छ । किनभने उनी दाह्रा नंग्रा फुकालेको बाघसँग पनि कतै झम्टिहाल्छ कि भन्दै डराएका छन् । दाह्रा झिकेको बाघले शिकार गर्न सक्दैन भन्ने जान्दा जान्दै पनि प्रचण्ड बनको बाघसँग भन्दा मनको बाघसँग डराएका छन्, कतै केही भइहाल्छ कि भन्दै बर्बराएका छन् ।

गल्ती गरेको मान्छेले कुनै पनि बेला ठुलै सजाय पाउन सक्छ भन्ने मनोरोग प्रचण्डमा पलाएको छ । साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ भनेझै प्रचण्डले यतिखेरको बिग्रेको राजनीतिमा जतातै प्रतिगमनको भुत देख्न थाल्दा नेपाली समाज पनि लगभग-लगभग तरङ्गित अवस्थामा छ । पूर्व एमाले र पूर्व माओवादी मिलेर बनेको नोल कम्युनिष्ट पार्टी (नकेपा) लाई नेपाली जनताले लगभग दुई तिहाइ मत दिएर सत्तामा पुऱ्याउँदा पनि हिनताबोध गर्दै प्रचण्डले प्रतिगमनको छाया मात्रै देखिरहनाले जनताको मनोबल खस्कनु पनि स्वभाविक नै मान्नुपर्छ । किनभने दुईतिहाइको सरकारले प्रतिगमनको भूतलाई निमिट्यान्न पार्न असक्षम छ, प्रचण्डको मनोरोग यसमा सीमित रहेकाले अन्य दायाँबायाँ यिनले नजर लगाउन सकेका छैनन् । राजनीतिक क्रान्ति सकिएको छ, आर्थिक क्रान्तिको बाटो खुला भएको छ भन्दै जनतालाई बिकासको बाटोमा लगाउने जस्ता ज्ञानगुन दिनुको सट्टा राजनीतिक हिनताबोध गर्दै हिँड्नु प्रचण्ड जस्तो नेतालाई सुहाउनु नपर्ने हो ।

यहाँनेर पूर्व राजा ज्ञानेन्द्रको कुनै टेलिभिजन अन्तरवार्ता होस् अथवा देशवासीका नाममा कुनै सन्देश प्रवाह गर्दा होस्, कमरेड प्रचण्ड पूर्व राजाले व्यक्त गरेका शब्द शब्दमा प्रतिक्रान्तिको भूत सवार भएको महशुस गर्छन् र अत्तालिँदै भन्छन्- धेरै वकवक गर्ने हो भने ज्ञानेन्द्रलाई नागार्जुनबाट पनि लेखिटिनेछ । माथि नै भनिसकियो कि "राजा ज्ञानेन्द्र दह्रा नंग्रा झिकेका बाघ हुन् । तर पनि ज्ञानेन्दैसँग प्रचण्ड डराइ रहनुको अर्थ के हो ? बाघको शल्यक्रिया गरेर दाह्रा नंग्राको प्रत्यारोपण गरी पुनः हिंस्रक बनाउन अन्तर्राष्ट्रिय शक्ति केन्द्र लागेकै हो भनौ भने पनि नयाँ दिल्लीमा भएको १२ बुँदे समझदारीले त्यसलाई मेटाई सकेको छ । युरोपियन युनियनको पहलमा तत्कालीन माओवादी सेनाको केही भाग नेपाली सेनामा समायोजन भइसकेको छ, बाँकी सबै हतियारहरु राज्यको कब्जामा आइसकेका छन् । राज्यको पुनर्संरचना भइसकेको र दुई तिहाइको सरकार बनि सकेको अवस्थामा प्रचण्डले आफूलाई निरीह देख्नु आश्चर्य लाग्दो छ । सधैंभर "हेग"को डर पाल्नु, प्रतिगमन देख्नु, नागार्जुनबाट लखेट्ने भन्दै बर्बराउनु मनोरोगका विशेषता हुन् ।

"राजा"लाई नागार्जुनबाट लखेट्नु ठुलो पुरुषार्थ होइन । नारायणहिटीबाट लेखेटिएका राजा नागार्जुनबाट पनि लेखेटिएमा पूर्व राजालाई कुनै हिनताबोध हुनेछैन । "राजा" मातृभूमिकै माटोलाई अनुशरण गर्दै बसेका छन् । राष्ट्रको राष्ट्रियता लोकतन्त्र र गणतन्त्र भन्दा पनि प्यारो हुन्छ । राष्ट्रियता रहेमात्र यी सबै पद्धति रहने हुन् । तर राष्ट्रियता भन्दा पनि गणतन्त्रलाई बढी प्रमुखताका साथ उठाएकाले राष्ट्रियता गौण विषय बनेको हो । वर्तमान सरकारको काम गर्ने शैली लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गराउने खालको नदेखिएको महशुस भएर नै पूर्व राजाका पछिल्ला गतिविधि क्रियाशिल भएका हुन् भन्नुमा कुनै दुईमत छैन ।

राष्ट्रियता माथि ओतप्रोत भई राष्ट्र निर्माणका गतिविधि अगाडि बढाउँदा प्रतिक्रान्तिको हौवा पिटाउने अहिलेको नेतृत्व वर्ग र त्यसैबाट बनेको सरकार केवल लाचार छायाँमात्र भएको आम नागरिकको बुझाई छ । त्यसकारण नेतृत्वको जिम्मेवार तहबाट उठाइएको नागार्जुनको विषय र प्रतिक्रान्तिको हौवा नर्तकीहरुको नाच जस्तै हो र बेला छँदै सरकार तथा उसको नेतृत्वमा रहेको पार्टीले संभावित दुर्घटना (?)बाट देशलाई बचाउने हो भने अरु कसैको कुरा नसुनी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गराउने आधारशिला तयार गर्नपट्टी लाग्नुपर्दछ ।

# देशको शासन, साधन र स्रोतमा सीमान्कृत समुदायको पहुँच

**– परशुराम यादव**

विगत केही वर्षयतादेखि सामाजिक सञ्जालसँगै सेल्फी शब्दले खुब बजार पाएको छ । विशेषगरी युवा पुस्तामा यसको लत बढी देखिन्छ । खासगरि आफ्नो फोटो खिचिदिने साथी नभएको समयमा वा साथीले राम्रो फोटो नखिच्नसक्ने अवस्थामा अथवा आफू अनुकुल आफ्नो फोटो नहुने अवस्थामा सेल्फी खिच्ने चलन रहेको छ । सेल्फीको अर्थ आफनो काम आफै गर्नु भन्ने बुझिन्छ । हुन त यसले व्यक्तिको परनिर्भतालाई घटाउन र स्ववालम्बी बनाउन मद्त गर्दछ त्यसभन्दा पनि व्यक्तिको स्वतन्त्रतालाई अझ बलियो बनाउन मद्त गर्दछ । जुन एउटा व्यक्तिको लागि अति नै महत्वपूर्ण हुन्छ । ईतिहास अध्ययन गर्दा स्वतन्त्रता र स्वाभिमानको खोजीमा संसारमा कैयन हिंसात्मक तथा अहिँसात्मक अन्दोलन भएका छन । केही सयमको लागि विश्राम लिए पनि हालसम्म संघर्ष सकिएको छैन र सकिने छाँटकाट पनि देखिदैन । अहिलेसम्म पनि हजारौ समुह र समुदाय सहअस्तित्व, स्वाभिमान, समानता र स्वतन्त्रताको लागि शासकवर्गसँग संघर्ष गर्दै आएका छन् । शासकवर्गको लागि विविधता व्यवस्थापन एउटा ठूलो समस्याको रूपमा देखापरेको छ । हुन पनि हो विविधता देशको लागि अवसर र चुनौती दुवै हो । व्यवस्थापन गर्न सक्यो भने चारजात छत्तिस बर्णको एउटा सुन्दर फुलवारी हुन्छ, सकेनौं भने जंगली राज्य हुन्छ, जहाँ बलियोले कमजोरलाई आफ्नो आहारा बनाउँछ । विविधताले सुसज्जित हाम्रो देशका नागरिकहरू सदियौंदेखि संघर्षरत छन् । सम्बृद्धिको आशमा बारम्बार लड्दैछन् । शक्तिकेन्द्रहरूलाई घुँडा टेकाउन सफल पनि भएका छन् । तर बिडम्बना नै भन्नु पर्दछ देशले सेवा जन्माउन सकेन, शासक मात्र जन्माउँदै आएको छ । नेताहरू सत्ता पाएको केही दिनपछि शासक वर्गमा रूपान्तरित हुन्छन् र देश र समाजको नेताभन्दा आफ्नो बर्ग, क्षेत्र र समुदायको मात्र नेता बन्न पुग्छन् । के-के न के-के पाउने आशमा लडेका आम नागरिकको बिशेष गरि सिमान्तिकृत वर्गको सपना चक्नाचुर हुन्छन् । नागरिकको लागि संर्घष बाहेकको सवै बाटो बन्द हुन्छन । हुन त महान दार्शनिक हिगेलले वाद प्रतिवाद सम्वाद नियमित चलिरहने प्रक्रियाको रूपमा अर्थयाएका छन तर प्रश्न के उठछ भने के सिमान्तिकृत बर्ग अन्दोलनका लागि मात्र जन्मेका हुन त ? उनका हरेक पुस्ताले शासकबर्गको सिंहासन बनाउनको लागि मात्रै हुन ?

जनता अन्दोलन गर्ने, शासनसत्ता बदल्न साहरा दिने नेतालाई सत्तामा पुर्‍याउने तर त्यसको प्रतिफल नपाउने । अधिकारको अवाज उठाउने बित्तिकै डालरको प्रभाव भनेर उडाई दिने हो भने हजारौको बलिदानीको औचित्य कसरी पुष्टि हुन सक्दछन् । लोकतन्त्रको प्रतिफल घृणा, अपमान, बिभेद, अन्यय पक्कै पनि होईन होल । आफ्नो विकास आफै गर्न, आफनो अन्दोलन आफै हाँक्न, आफ्नो समस्या आफनै पहलमा समाधान गर्न विकास नयाँ मोडल सेल्फीको विकास भएको छ । जसमा जसको सवाल उसैको नेतृत्व हुन्छ । संघिय शासन प्रणाली र सेल्फी मोडल धेरैहदसम्म मेलखान्छ । जाती, बर्ग र समुदाय अनुसारको सानो प्रदेश जसमा बहुसंख्यक नागरिकको सहभागीतालाई सुनिश्च हुनुपर्थ्यो तर राज्यको पुनरसंरचना गर्द यसको ठीक उल्टो गरियो । एउटै बर्ग र समुदाय बिभाजन गर्ने कार्य भयो । खोलानाला हिमाल पहाडको नाममा प्रदेशको नाम राख्न सहमती जुटने तर तर हालसम्म अपहेलित, पिडित, पछाडि पारिएको बर्ग वा समुदायको नामसँग जोड्न नमान्नु राजनीतिक बेइमानी पनि हो ।

सेल्फी मोडेल समाज अन्दोलन र अभियानमा केही हदसम्म सफल पनि भएका छन् । जसका फलस्वरूप देशमा अधिकाँश जातजाति बर्ग समुदाय र क्षेत्रका आआफ्नै संगठन तयार भएका छन् । थोरै भएपनि आफनो समुदाय, बर्ग र क्षेत्रको हक र अधिकारका लागि बोल्न र दबाव दिन र अन्यय अत्याचारको खिलाफ प्रतिमा प्रतिकार गर्नसम्म मद्त गरेका छन् । स्थानिय निकायसम्म आफनो भागमा आएका रकम माग्न र खर्च गर्न सक्ने काममा सक्रियता बढदै गएका छन् । कैयन महिला पुरूषहरू संसारमै अव्वल पुरस्कारहरू जितन सफल पनि भएका छन् । राजनीतिक चेतनामा बृद्धि भएका छन् । गुठी बिधेयक र लोकसेवा आयोगको बिज्ञापनको विरूद्धमा भएका संघर्ष यसका उदाहरण हुन् ।

२००७ साल देखिको राजनीतिमा सक्रिय कैयन सिमान्तिकृत समुदाय तथा बर्गका नेताहरू आफनै पार्टी बनाएर अगुवाई नगरेसम्म आफनो समुदाय, बर्ग र क्षेत्रको कल्याण हुन नसक्ने निर्श्कषमा पुगेपछि नेपाली कग्रेस र एमाले परित्याग गरि नयाँ पार्टी स्थापना गरि संर्घषलाई अगाडि बढाएको पाइन्छ । राजनीतिमा यसले ठूलो तरङग ल्याएको छ । राष्ट्रिय पार्टी परित्याग गरि क्षेत्रीय पार्टी खोल्नु उनीहरूको लागि ठूला चुनौती थियो । उनीहरूले हिम्मत गरेकै हुन् । मधेश र मधेशी शब्द जोडेर पार्टी निर्माण भए, जातजातीको नाम जोडेर बिभिन्न मोर्चाहरू खडा भए । यहाँसम्म कि मधेशलाई छुट्टै राज्यको रूपमा माग गदै सिके राउतले अहिंसात्मक अन्दोलन गर्नपनि पछि परेनन् । निर्वाचन बहिष्कारमा पनि लागे । अधिकारको लागि लामो अन्दोलन चल्यो । भारतीय सिमानामा अवरोध खडा गरि नाकावन्दीको बातावरण सृजना भए । कर्मचारी, व्यापारी, पत्रकार, नेता, जनता सवै मधेशी र पहाडी गरि दुई कित्तामा बिभाजीत भए । शासकहरू राष्ट्रियताको सवाललाई उछाल्दै आफना बर्ग र समुदाय बाहेकको बर्ग र समुदायलाई राष्ट्रघातीको संज्ञा दिएकै कारणले सदियौंदेखि चल्दैआएका हरेक विभेदका रूपहरू झन् निरन्तरता पाउदै गएको छ ।

दशकौसम्म संर्घष गरि ओहदा बनाउन सफल नेताहरू सेल्फीको मोहमा पर्नु उनको रहर थिएन होला । व्यक्तिगत लाभ राष्ट्रिय पार्टीमा नै बढी थियो र पनि संर्घषको बाटो रोज्नु पनि उनीहरूको लागि बाध्यता नै थियो । राजनीतिक अन्दोलनको अग्रपंङतिमा रही काम गरेका सिमान्तिकृत बर्गका जनप्रनिधीहरूं राज्य एवं पार्टी संचालन गर्न अवसर प्राप्त गर्न सकेनन् । नेपालको राजनीति ब्राम्हण र क्षेत्री बर्गको वरिपरी घुमिरहयो । देशको शासन, साधन र स्रोतमा उनीहरूकै हालिमुहाली चल्दै आयो । कार्यपालिका, व्यवस्थापिका र न्ययपालिकामा एउटै बर्ग, समुदाय र भाषा भेषकोभूषाको बर्चस्व कायम रहदै गयो । आफ्नो भाषा बोल्दा र आफ्नो पहिचानको लुगा लगाउदा समेत अपमान सहनु परेको थियो । राज्यका हरेक निकाय पूर्वाग्रही भईदियो ।

देशका नेताहरू आफनो बर्ग र समुदायको मात्र नेता भए । राष्ट्रिय मिडियाहरू काठमाडौंलाई मात्रै नेपाल देख्न थाले पत्रकारका क्यामाराहरू उत्तरतिर मात्र फर्किए । विद्यालयका पाठ्यक्रमहरू पहाडी सन्दर्भ र भाषालाई प्राथमिकताका साथ अगाडि बढायो । मधेशका आन्दोलनकारीलाई नेपालको सिमानाभित्र बस्न दिएनन् । उनीहरूलाई नो म्यान्स् ल्याण्डमा बस्न बाध्य गराईयो ।

यसरी बारम्बार धोखा पाएका सिमान्तिकृत बर्ग सेल्फीकै सहारा लिन बाध्य भए । जसमा उनीहरूले आफ्नोपनको अनुभूती गर्न थालेका छन् । आफ्नै राजनीतिक दल, आफ्नै मोर्चा, आफ्नै मिडिया हाउस, आफ्नै संघ संस्था र आफ्नै सरकार यहाँसम्म कि आफ्नै राज्यको परिकल्पना गर्न थालेका छन् । जमाना सेल्फीकै छ त्यसकारण राज्यसंचालकहरू मधेशको सेल्फीवाट पाठ सिकून् । संघीयतालाई सेल्फीकै मोडलमा विकास गरौ । जसको सवल उसकै नेतृत्वलाई कहि कसैले पनि इन्कार गर्न हुँदैन । मिल्दैन पनि ।

*(मधेश दर्पण फिचर सेवा)*

गतअंकमा प्राविधिक त्रुटी भएकोले पुनः सच्याइएर प्रकाशित गरिएको छ।

# सरकारी संयन्त्रमा रहेको संस्थामा चेन अफ कमाण्ड हुनुपर्‍यो

**डा. सुनिल आचार्य प्रगति अस्पताल चितवन प्रा.लि. भरतपुरमा कार्यरत हुनुहुन्छ। सरकारी चिकित्सक संघ नेपालको फाउण्डर प्रेसिडेन्ट समेत रहनु भएका डा. आचार्यले एम.वि.वि.एस., एम.डी. गरिसक्नु भएको छ। चिकित्सा क्षेत्रमा लामो अनुभव सम्हाल्नु भएका डा. आचार्यसँग जन आकाश मिडिया प्रा.लि.का तर्फबाट पत्रकार मोहन पोखरेलले गरेको विशेष संवाद यहाँ प्रस्तुत गरिएको छ।**

**o डा. आचार्य, तपाइको बाल्यकाल र प्रारम्भिक शिक्षा बारे केही बताइदिनु होस् न ?**

मेरो जन्म गोरखा जिल्ला छिपिटोलमा भएको हो। मेरो प्रारम्भिक शिक्षा गोरखाकै कन्या स्कुलबाट शुरु हुँदै MBBS रंगपुर मेडिकल कलेज बंगलादेश एवं NAMS को छात्रवृत्तिमा Obstetrics and Gynaecology मा MD गरी समाप्त भयो।

**o चिकित्सा क्षेत्रमा प्रवेश गरेपछि कस्तो अनुभव गर्नु भएको छ ? सन्तुष्ट असुन्तुष्ट के हुनुहुन्छ ?**

चिकित्सा क्षेत्र यस्तो पेशा हो, हेर्नुस्। यसमा मोडिएपछि सेवाग्राहीले प्रत्यक्ष खुसी भएको अनुभव लिनुपर्ने हुन्छ। त्यसैले यस पेशामा आफ्नो Knowledge हुनुका साथै सुन्न सक्ने, समय दिन सक्ने र अवस्था अनुसार विरामीको सेवा गर्ने एवं झण्झट नमानी बीचबीचको समयमा समेत सेवा दिनुपर्ने देखिन्छ।

**o भविष्यमा कस्तो योजना बनाउनु भएको छ ?**

भविष्य के कस्तो हुने, देशको अवस्था नै गए गुज्रेको छ। यस्ता परिप्रक्ष्यमा दीघकालिन सोच बनाउन सक्ने अवस्था देखिएको छैन। नियमितता वा सिँढी जस्तो यता, यो होला, यस्तो होला भन्ने अवस्था नभएको प्रसंगमा के गर्ने ? अनिश्चितताले भरिएको छ। तर पनि भविष्यमा केही अकल्पनीय परिवर्तन त होला नि भन्ने आशाले दुईचार जनालाई रोजगार दिन एवं नेपाल सरकारको तलब मात्रै खाएर बस्न भन्दा स्वावलम्बी हुने उद्देश्यले जानी एवं गरी आएको पेशालाई समेट्दै सानो स्वास्थ्य संस्था चलाउने योजना छ।

**o जीवनमा घटेका राम्रा र नराम्रा पक्ष के के हुन् ?**

जिन्दगीको रथ भनेकै सिक्दै जाने, बुझ्दै जाने र मनन् गर्दै जाने रहेछ। जिन्दगीका कति मोड खुसीमा बिते। त्यसको गन्ती भएको छैन। बेखुसीमा पनि बिते होलान्, यो एउटा विसाउने थलो हो। सधैं खुसी र सधैं दुःखी रहिँदैन। दुःख परेमा सुखको दिन पनि आउँछ, सुख भएमा दःुख पर्ला कि भनेर छचल्किएको छहरा हैन, नदी जस्तै बग्नुपर्ने कुरा मनमा राखेको हुनाले सुख दुःख आआफ्ना पर्यावाची हुन् भन्ने कुराको आत्ममनन् गरेको छु।

**o जनमैत्री अस्पताल बारे आफ्ना धारणा स्पष्ट पार्नुहोस् न ?**

हेर्नुस् राजनीति भनेको राज्यको नीति बनाउने, सबैलाई एउटै दृष्टिकोणले हेर्ने, एवं सेवा सुविधा, सजाय बराबर र भोग, नीति समान हुनुपर्ने हो, तर किन भएको छैन। त्यस्तै जनमैत्री अस्पतालको सेवा सुविधा पनि धेरै अध्ययन गरी कर्मचारी, सेवाग्राहीलाई उच्चस्तरीय सेवा दिने काम हो। तर गर्न सकेमा अध्ययन पश्चात कार्यान्वयनमा आएमा त केही हुने थिएन र चाहिएको पनि हो। देशको अवस्था त हेर्नुस् ! नेपाल एयरलायन्स घाटै घाटामा, चिया खाने ठाउँ देखि मन्त्री मण्डललगायत सबै ठाउँमा त्यसकै चर्चा, जसै गरी जनमैत्री अस्पताल लहडमा चलाउने कुरा होइन। विभिन्न अध्ययन, सामाजिक अवस्था, देशको आर्थिक भार र अन्य श्रोत हेरी जनमैत्री अस्पताल संचालन गर्न ठिक हुन्छ होला। मेडिकल कलेज खोलेको जस्तो प्राध्यापकको कमी सबै पक्षको बुझाइको कमी, एवं दोहोरो अध्ययनरत विद्यार्थीका साथै बिरामीलाई चपेटामा पारी संचालन गर्नु हुँदैन। जनमैत्री अस्पताल नाम मात्रको नभई काम दिने अस्पताल सम्झनु पर्दछ। तर गरिब वस्तीमा गएर विहान यी-यी विदेशी नास्ता खानु, दिउँसो यी-यी चिज खानु नभनी सो ठाउँमा के के सुविधा उपलब्ध गराउन सकिन्छ सोको व्यवस्था उपलब्ध सबैलाई मैत्री हुने गरी संचालन गर्न गराउन उचित हुनेछ।

र, यो संस्थामा कार्य गर्ने व्यक्ति भड्किएर आर्थिक कारणले अर्को संस्थामा काम गर्न नपरोस्। उसले सबै समय सेवाग्राहीमा समर्पित गर्न सकोस्। मतलब त्यसमा जोडिएका व्यक्ति सबै खुसी, सेवा प्रदायक र सेवाग्राही हुनुपर्दछ।

**o त्यसो भए सरकारले स्वास्थ्य क्षेत्रलाई कसरी लैजाँदा राम्रो देखिन्छ ?**

सरकारले १५/२० वर्ष योजना सार्वजनिक गर्नुपर्‍यो। सरकारी संरचनामा रहेको संस्थामा चेन अफ कमाण्ड हुनुपर्‍यो। Public Health Awareness देखि व्यक्तिगत सर्ने रोग र नसर्ने रोगको बारेमा वर्गीकरण गरी सबै रोगको लागि देशभर रोग उत्पन्न हुनै नदिई कार्यान्वयन गर्न तिर लाग्नुपर्‍यो। यस कामका लागि स्वास्थ्य ऐन, नियमावली लागु गर्न तिर ध्यान दिनुपर्यो। मानिसको स्वास्थ्यसँग जडित बसै व्यक्ति समुदायलाई एउटै छाता अन्तर्गत देशको विकासमा लाग्न पहल गर्नुपर्यो। पौष्टिक तत्व खाने सन्देश कुनाकुनामा पुर्‍याउनु पर्यो। प्रत्येक टोलटोलमा स्वास्थ्य सेवा पुग्नुपर्यो। कुनै ठाउँबाट आएका राम्रा सन्देशलाई फिजाउन सक्नुपर्यो। नसर्ने रोगको कारण र व्यवस्थापनमा विकसित राष्ट्रका संस्थाबाट सल्लाह, सुझाव एवं नियमित शिक्षा लिने काम तुरुन्त पहल गर्नुपर्यो। स्वास्थ्य सेवा प्रदायक कति चाहिएको, यस देशमा खपत कति हुने सबै बाहिरी देशमा कति पठाउन सक्ने शुरुमा अध्ययन गरी काम गर्नुपर्यो। यसो गर्दा सेवा प्रदायकले आफ्नो अध्ययन, अध्यापन राम्रोसँग गर्ने देखिएकाले यथार्थ र चाँडो किसिमबाट अँगीकार गर्नुपर्‍यो।

**o डाक्टर, अस्पताल र बिरामीकाबीच हुने पारस्परिक सम्बन्धका बारे के के विषयको जरुरत पर्दछ ?**

हेर्नुस सेवा प्रदायक कस्तो सरकारले निकालेको भन्ने कुराले ठुलो असर गर्दछ। त्यसैले चाहिएको सेवा प्रदायक निकाल्नु पर्यो। अत्याधिक निकाल्दा के हुने रहेछ भन्ने अहिलेसम्म देखिहालियो। सेवा प्रदायक भन्नाले अस्पतालमा काम गर्ने सबै पर्दछन्। डाक्टर, नर्स र सबै प्राविधिकले कहाँ कति के काम गर्ने एवं कस्ता संस्थामा काम गर्ने गरी भर्ति गराउनु पर्यो। अस्पतालको हकमा नसर्ने रोगका लागि Chain of Conduct अनुसार विस्तारै स्तरोन्नती गर्दै जानु पर्दछ। बिरामीका हकमा एक व्यक्ति, त्यहाँ



डा. सुनिल आचार्य

छिरेपछि उसले कुनै कुरुवा खोज्न नपरोस् भन्ने अवस्थाको वातावरण बनाउनु पर्दछ। यी सबै सेवा जोडिएको राज्य नीति हो। कर्णाली प्रदेशलाई सरकारले जिम्मा लिएर जडीबुटी उत्पादन मात्रै गर्दा के हुन्छ ? रातारात देशको कायाँपलट हुन्छ। धेरै ठाउँमा Government Private Partnership मा जस्तै पोखरा, चितवन, मुस्ताङ र सोलुमा २०० भन्दा बढी पाँचतारे होटल खोल्दा के हुन्छ ? त्यसमा सबै व्यस्त हुन्छन्। त्यस्तै पहाडी जिल्ला जहाँ कम जनसंख्या र त्यस स्थानबाट सम्पूर्ण व्यक्तिलाई स्थानान्तरण गरी सरकारले Public Private Partnership मा कृषि सेवा संचालन गरी देशलाई स्वावलम्बन बनाउन सके के हुन्छ ? त्यस्तो गहिराइमा नगई सेवाग्राही सबै सेवा प्रदायकमा व्यस्त दिगो सेवा गर्ने राज्य नीति बनाउनुपर्‍यो। अहिले भएको कोलाहल राज्यको नीतिसँग जोडिएको छ। त्यसैले आर्थिक स्तर कसरी उठाउने प्रत्येक घरधुरीबाट आचल सम्पत्ति राज्यको नीति आएमा संकलन समेत गरी देशले केही महिना, वर्षमा नै विकास गर्ने देखिन्छ।

**o सरकारले स्वास्थ्य क्षेत्रलाई कसरी हेरेको छ ? तपाइको अनुभव के छ ?**

हेर्नुस, यो सरकारको कुनै नीति नै छैन। देशको सम्पूर्ण काम एकैपटक शुरु हुनु पर्दछ। २५०० तिर्ने किसिमको स्वास्थ्य सेवा जुन किसिमले आयो यो नै हचुवा प्रबृत्तिको छ।

एउटा पाटोलाई मात्र हेरेर, गरेर सम्भव नै हुँदैन। सबै चिज एकै पटक आउनुपर्यो। पहाडमा वस्ती उजाडियो राज्यको नीतिले गर्दा। कुन ठाउँमा के गर्ने भन्ने सरकारको काम आयात निर्यात, उब्जनी, विदेशी पर्यटक भित्र्याउने, कसरी देशको उन्नति हुन्छ त्यसमा लाग्नुपर्यो। सरकारले चाहेमा आर्थिक संकलन त हुन्छ। उदाहरणको रुपमा भएको सुन, तामा, पित्तल मात्र शेयरमा कन्भर्ट गरी लगानीको ग्यारेन्टीमा सरकार बस्दिएमा के गर्न सकिँदैन ? त्यसैले यो एउटा अस्पतालमा सेवाकर्मी र सेवाग्राहीले सेवाको कुरा रहेन। यो सम्पूर्ण ठाउँ एवम् देशभित्रै राज्यको नीति जनता उत्साहित हुने रुपमा आएमा स्वतः सम्पूर्ण कुरामा उपलब्धी पाउने देखेको छु। नत्र एउटा तान्दा अर्को हुन्छ। समग्रमा भन्नुपर्दा जिम्मा दिने र सरकारले कडाई गर्नुपर्ने टड्कारो देखेको छु।

**नेपाल दूरसञ्चार प्राधिकरणको अत्यन्त जरुरी सूचना**

विगत केही दिन देखि मोबाइल सेवाका BTS टावरहरूमा क्षती पुर्‍याई सेवा अवरूद्ध गर्ने कार्य प्रति यस प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ। दूरसञ्चार सेवा हाल अत्यावश्यक सेवाको रूपमा स्थापित भैसकेको अवस्थामा यसरी सेवा बन्द हुँदा त्यसको प्रत्यक्ष असर आम नेपाली उपभोक्ताहरूमा पर्ने हुन्छ। तसर्थ नेपाली जनतासँग प्रत्यक्ष सरोकार राख्ने दूरसञ्चार सेवाको पूर्वाधारमा क्षती नपुर्‍याउन र त्यस्तो कार्य तत्काल बन्द गरी निर्वाध रूपमा दूरसञ्चार सेवा सञ्चालन गर्ने वातावरण बनाउन सम्वन्धित सबैमा अनुरोध गरिन्छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
कमलादि, काठमाडौं
फोन नं. : +९७७-१-४२५४६८१
फ्याक्स नं. : +९७७-१-४२५५२५०
पो. ब. नं. : ९७५४
ई-मेल : ntra@nta.gov.np
वेभसाइट : www.nta.gov.np

## रामेछाप डायरी

### नाका नाकामा सिसी क्यामेरा जडान गरिदै

रामेछाप जिल्ला जोडने मुख्य नाकाहरुमा सिसी क्यामेरा जडान गरिने भएको छ। जिल्लाभित्र अपराधिक घटना न्युनिकरण गर्नको लागि जिल्ला प्रहरी कार्यालय रामेछापले सिसी क्यामेरा जडान गर्न लागेको हो। यस अघि उद्योग वाणिज्य संघ रामेछापको नेतृत्वमा, मन्थली नगरपालिकाको सहयोगमा सदरमुकाम मन्थली बजारमा सिसी क्यामेरा जडान भएको थियो।

जडान भएको ३२ वटा क्यामेरा मध्ये हाल २८ वटा सञ्चालनमा रहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख सन्तोष भट्टराईले बताए। उनले भने,'जिल्लाको सबै नाकाहरुमा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सिसी क्यामेरा जडान गर्ने कार्यक्रम अगाडि बढाउदै छौं।' जिल्लासँग सीमाना जोडिएका मुख्य नाकाको रुपमा रहेका सेलेघाट, लुभुघाट, सित्खा, साँघुटार, खिम्ती, गुन्सी भदौरे लगायतको स्थानमा सिसी क्यामेरा जडान गरिन लागिएको हो।

एक साता अघि मात्र खाँडादेवी गाउँपालिका-३ भीरपानीमा अज्ञात समुहले सिलिन्डर बम विस्फोट गरेर वडा कार्यालय ध्वस्त बनाएको थियो। सम्भावित अपराधिक घटना घटन नदिने र यदी घटना घटेको अवस्थामा अपराधी पहिचान गर्न सहज बनाउने उदेश्यले सिसी क्यामेरा जडान कार्य तत्काल अगाडि बढाइएने प्रमुख भट्टाराईले बताए। उनका अनुसार सिसी क्यामेरा जडान गर्नको लागि स्थानीय तहसँग समन्वय भइरहेको छ।

### खैरेनीघाटको पुल ११ पछि बन्यो तर बाटो नहुँदा सास्ती

सिन्धुली जोडने खैरेनीघाटको पुल ११ बर्षपछि सञ्चालनमा आएपनि सिन्धुलीतर्फ बिपी राजमार्गबाट पुलसम्म जोडन सडक नहुँदा सास्ती भएको छ। बर्षाको समयमा सुनकोसी नदी उर्लिएको कारण अस्थायी सडकबाट यातायात सञ्चालन गर्न नसकिने अवस्था छ। सुनकोसी नदी किनाराबाट यस अघि अस्थायी रुपमा यातायात सञ्चालन भएपनि हाल कोसी बढेकाले सडक नै डुबाएको छ।

जबरजस्ती रुपमा ठूला बस र ट्रिपर सञ्चालन भएपनि साना सवारी साधन सञ्चालन गर्न गाह्रो भएको छ। पुल निर्माणको क्रममा नै ठेकेदार कम्पनीले पुलको दायाँबायाँ जोडने सडक निर्माण गर्नुपर्ने भएपनि काम बाँकी हुँदाको अवस्थामा नै उदघाटन गरिएको छ। केही दिन अघि पूर्व प्रधानमन्त्री एवं नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', खैरेनीघाटको पुल उदघाटन गर्न पुगेका थिए।

पुल सञ्चालनमा आएपछि खुसी भएका रामेछापवासी दिगो सडक नहुँदा भने पुनः चिन्तित भएका छन्। स्थानीय राज मैनालले भने,'पुल उदघाटन गर्नु अघि नै सडकको बारेमा टुंगो लाग्नु पर्ने हो तर अहिले बिपी राजमार्गदेखि नजिकै रहेपनि कहाँबाट सडक सञ्चालन गर्ने भन्ने अन्यौलता रहेको छ।' बीपी राजमार्गबाट करिव चार सय मिटर दुरीमा पुलमा पुगिने भए पनि स्थानीयले बाटो दिन इन्कार गर्दा पुल बनेर पनि रामेछापवासीले उपयोग गर्न नपाउने अवस्था सिर्जना भएको छ।

अहिले जग्गाको मोल अत्यत्न बृद्धि भएकाले विना मुआब्जा जग्गा नदिने पक्षमा किसान रहेका छन्। पुलसम्म पुग्नका लागि आदिलिंग कुशेश्वर मन्दिरहुँदै जान सकिने भए पनि सम्पदा क्षेत्रबाट हाइवे लैजान नमिल्ने पुरातत्वविदहरु विकासमा अर्को भाँजो हाल्न पुगेका छन्। उक्त बाटो भएर सुनापति, दोरम्बा गाउँपालिका पुग्न छिटो छरितो मार्ग हो। यस क्षेत्रका जनताहरुले २०७४ को प्रतिनिधिसभा-प्रदेशसभा निर्वाचनमा खाँडादेवी गाउँपालिकामा युवा नेता तथा नेकपा मालेका केन्द्रीय सदस्य मोहन कार्की त्यहाँ पुग्दा त्यहाँका स्थानीयहरुले खैरेनीघाट पुल निर्माणमा भइरहेको बिलम्बको बारेमा गुनासो गरेका थिए। त्यसपछि सम्बन्धित निकायहरुलाई तुरुन्तै कार्कीले बोलाएर उक्त पुल छिटो निर्माण गर्न त्यसो नगरे जस्तोसुकै कारवाही गर्न नेकपा माले तयार हुने निर्देशन दिएका थिए र उक्त पुलको निर्माणमा सहयोग पुगेको थियो। अहिले उक्त पुल बनेपछि जिल्लाका अन्य पार्टीका नेताहरुले राजनीतिकरण गरेर वातावरणको नाममा धार्मिक संस्कृतिको नाममा छोटो मार्गलाई अन्तै मोड्ने प्रयास गरिएको छ।

### भ्रष्टचार भएको पुष्टि भए राजिनामा दिन्छुः अध्यक्ष सुनुवार

रामेछापको गोकुलगंगा गाउँपालिकाका अध्यक्ष खड्ग बहादुर सुनुवारले आफूले गाउँपालिकाभित्र कुनै पनि खालको अनियमितता नगरेको बताएका छन्। उनले जनताको पक्षमा रातदिन काम गरिरहेको बताउदै यदी कसैले भ्रष्टचार भएको पुष्टि गर्छ भने आफू राजिनामा दिन तयार रहेको बताएका हुन्।

अध्यक्ष सुनुवारले भने,'मैले गाउँपालिकालाई समृद्ध बनाउने योजना साथ अगाडि बढेको छु, विकास निर्माणको कामले गति लिएको छ, केही



तत्व नियोजित रुपमा मेरो विरुद्धमा गतल प्रचार गर्ने काममा लागेको छ।' कुनै पनि खालको अनियमितता, भ्रष्टाचार र कमिसन लिएको कोही कसैले प्रमाणित गरे राजिनामा गर्न तयार रहेको बताउदै उनले विना प्रमाण आफ्नो चरित्र हत्या नगर्न पनि चेतावनी दिए।

आफूमाथि सामाजिक सञ्जाल मार्फत बदनाम गर्ने कोशिस भइरहेको बताउदै नागरिकहरुलाई तथ्यहिन समाजनको भ्रममा नपर्ने पनि आग्रह गरे। 'मैले जीवनको उर्जावान समय जनताकै सेवाको लागि खर्चिए, अहिले पनि गाउँपालिकाको अध्यक्षको हैसियतमा गाउँपालिकालाई समृद्ध बनाउने योजना र सपना लिएर अगाडि बढेको छु', उनले भने,'मेरो विरुद्ध फैलाइएको भ्रममा पर्न आवश्यक छैन, विरोधी शक्तिहरु आफ्नो वर्चश्व गुम्ने त्रासले मेरो विरुद्धमा लागेका छन्।' उनले गोकुलगंगा गाउँपालिकावासीको भावनामाथि कुनै पनि चोट पुग्ने काम आफूबाट नहुने बताउदै निर्वाचनमा गरेको प्रतिबद्धता अनुसार नै काम अगाडि बढाइएको बताए।

# कामना सेवाद्वारा सहयोग तथा चेक हस्तान्तरण

काठमाडौँ। कामना सेवा विकास बैंकले रुपन्देही जिल्ला वुटवल ६ स्थित श्री तिलोत्तमा माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई स्कुल झोला वितरण गरेका छन्।

प्रगतिको आधार कामना सेवासँग कारोबार भन्ने मूल नाराका साथ आम जनता माझ विभिन्न बैकिङ सेवा सुविधा प्रदान गर्दै आइरहेको बैंकले विद्यार्थीहरुलाई झोला वितरण गरेको हो। बैंकका सञ्चालक भिम प्रसाद तुलाचनले झोला वितरण गरेका थिए। त्यस्तै सिद्धार्थनगर नगरपालिकामा सिसि क्यामेरा जडानका लागि सिसि क्यामेरा जडान उपभोक्ता समितिलाई भैरहवा शाखा कार्यालयका शाखा प्रवन्धक तुलसी प्रसाद आचार्यले २५ हजार रुपैयाँको चेक हस्तान्तरण गरेका थिए। यसैगरी बैंकले स्वर्णिम सुरक्षित बचत खाताका ग्राहकलाई स्वास्थ्य बीमा गर्दै आएकोमा शाखा कार्यालय दमकका ग्राहक सारदा आङ्देम्बेलाई ९ हजार ६ सय ७ रुपैयाँ र बेसीशहरका ग्राहक रन्जिता अधिकारीलाई ६७ हजार ८ सय १९ रुपैयाँ स्वास्थ्य बीमा अन्तर्गतको रकम हस्तान्तरण गरेको छ।



काठमाडौँको ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा ९७ वटा शाखा तथा ४५ वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवाहरु प्रदान गर्दै आएको छ। साथै बैंकले ABBS, SMS Banking, Mobile Banking, C-ASBA, लगायतका माध्यमबाट समेत सम्पूर्ण बैंकिङ्ग सेवाहरु उपलब्ध गराउँदै आएको तथा समय सापेक्ष आफ्ना सेवाहरु थप गर्दै जाने बैंकको योजना रहेको बैंकले जनाएको छ।

यसैवीच, कामना सेवा विकास बैंक लि. को चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ३, स्थित नारायणगढ शाखा कार्यालय मिति २०७६ साल साउन २१ गते (अगस्ट ०६, २०१९) देखि हाल सञ्चालित भवनसंगै जोडिएको पूर्वतर्फ रहेको भवनमा स्थानान्तरण भई कारोबार शुरु गरेको छ। भरतपुर महानगरपालिका उपप्रमुख पार्वतीशाह ठकुरीले उक्त शाखाको कारोबार शुभारम्भ गर्नुभएको थियो। स्थानान्तरण भइ कारोबार शुभारम्भ समारोहमा बैंकका संचालक भिम प्रसाद तुलाचन,प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेत तथा क्षेत्रिय प्रमुख नारायणगढका सुरेन्द्र भण्डारी लगायत स्थानीय वासीहरुको उपस्थिति रहेको थियो। बैंकले नवीनतम प्रोडक्टहरु तथा वृहत शाखा सञ्जाल मार्फत आफ्ना ग्राहकहरुलाई उच्चस्तरको बैंकिङ्ग सेवा सुविधाहरु उपलब्ध गराउँदै आएको जानकारी गराइएको थियो।

# अशोक लेलैण्ड रकञ्चन डेभलपमेन्ट बैंकबीच सम्झौता

काठमाडौं। आईएमई ग्रुप अन्तर्गत संचालित आइएमई मोटर्स प्रा.लि. द्वारा प्रवर्द्धित अशोक लेलैण्ड र कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड (महेन्द्रनगर प्रधान कार्यालय रहेको) बिच सम्झौता ज्ञापन पत्रमा हस्ताक्षर भएको छ। सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृतबिरु रामजैसी र आईएमईमोटर्सको तर्फबाट भाइस प्रेसिडेन्ट इमरान ए. खानले हस्ताक्षर गर्नुभएको छ।

यस सम्झौता अनुरुप आईएमईमोटर्सबाट सिफारिस पाएका ग्राहकहरुले सहज रुपमा ७०% सम्मको कर्जा सुविधा कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड (



महेन्द्रनगर प्रधान कार्यालय रहेको)बाट पाउने भएका छन्। यसै अनुरुप ग्राहकहरुले अशोक लेलैण्डको विभिन्न प्रकारका सवारी साधनहरुमा कर्जा सुविधा प्राप्त गर्ने भएका छन्।

यो सुविधाले आगामी दिनमा ग्राहकहरुलाई कर्जा सुविधा प्राप्त गर्न निकै सजिलो हुने दुबै कम्पनीका प्रमुखहरुले बताउनु भएको छ। कर्जा सुविधा मात्र नभई दुवै कम्पनीबिच संयुक्त रुममा सहकार्य गर्दै अगाडी बढ्ने कुरामा पनि सहमति भएको छ।

रेमिटेन्स व्यवसायबाट उदाएको आइएमई ग्रुप सन् २००१ मा स्थापना भएको हो । रेमिटेन्स, बैंकिङ्ग इन्स्योरेन्स, अटोमोबाइल्स, इनर्जी, ट्राभल-टुर्स, पर्यटन, सूचना प्रविधि, उर्जा लगायतको विभिन्न क्षेत्रमा लगानी विस्तार गर्दै नेपालमा रोजगारीका अवसर सिर्जना गर्ने कार्यमा आइएमई ग्रुप निरन्तर लाग्दै आएको छ।

# गुणस्तरीय शिक्षासम्बन्धी अन्तराष्ट्रिय सम्मेलनलाई जनता बैंकको सहयोग

काठमाडौँ। जनता बैंकबाट 'गुणस्तरीय शिक्षा सम्बन्धी दोस्रो अन्तराष्ट्रिय सम्मेलन'लाई २ लाख रुपैयाँ सहयोग प्रदान गरिएको छ। रातो बंगला फाउण्डेसनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहकार्यमा आगामी भदौ ७ देखि ९ गते सम्म आयोजना गरिने 'गुणस्तरीय शिक्षा सम्बन्धी दोस्रो अन्तराष्ट्रिय सम्मेलन' मा देशको विभिन्न स्थानबाट आउने १० जना राष्ट्रिय वक्ताको लागि प्रायोजन स्वरुप उक्त सहयोग प्रदान गरेको हो। सहयोग रकम बैंकका नायब प्रमुख कार्यकारी




अधिकृत सुजितकुमार शाक्यले रातो बंगाला फाउण्डेसनको प्रोग्राम अफिसर स्मृति पोखरेललाई हस्तान्तरण गरे।

'विद्यार्थी केन्द्रीत शिक्षामा प्रतिबद्धता' मूल मर्म रहेको उक्त सम्मेलनमा पूर्व प्राथमिक शिक्षा, प्रयोगात्मक शिक्षा, नेतृत्वको भूमिका, शिक्षामा निजी क्षेत्र, शिक्षामा लगानी, दिगो बिकासमा शिक्षा जस्ता विषयहरु समेत समेटिने छन्। राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञहरुको सहभागिता रहने सम्मेलनमा पूर्व विद्यालय शिक्षा देखि विद्यालय तहसम्मको शिक्षामा ल्याउन सकिने सुधारका सम्बन्धमा शिक्षण विधि, अनुसन्धान, परिवर्तित विश्व अर्थ-राजनैतिक तथा विविध विषयमा छलफल हुनेछ। जनता बैंकले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखि सामाजिक उत्तरदायित्वका कार्यहरु गर्दै आइरहेको छ। बैंकले विगत वर्षहरु देखिनै ग्रामीण क्षेत्रको शैक्षिक गुणस्तर विकासको लागि सामुदायिक विद्यालयका जेहन्दार विद्यार्थीहरुलाई विभिन्न प्रकारको छात्रवृत्तिको ब्यबस्था गर्नुको साथै शैक्षिक सामाग्रीहरु प्रदान गर्दै आइरहेको छ। जनता बैंकले हाल देश भरी कूल १४२ शाखा, ११० एटिएम, ५० शाखा रहित बैंकिङ्ग सेवा र ३ एक्स्टेन्सन काउण्टरबाट ग्राहकहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ। साथै बैंकले अत्याधुनिक प्रविधियुक्त मोबाइल तथा इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ।

# मेगा बैंकबाट नेपाल प्रहरीलाई डायरी सहयोग

काठमाडौँ। मेगा बैंक नेपाल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत नेपाल प्रहरीलाई पाँच हजार थान डायरी सहयोग गरेको छ।

मेगा बैंक नेपाल लिमिटेडकी प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले महानगरीय प्रहरी वृत्त दरबारमार्गका डिएसपी विनोद घिमिरेलाई पाँच हजार थान पकेट डायरी हस्तान्तरण गर्नुभयो। शान्ति सुरक्षामा खटिएको नेपाल



प्रहरीलाई काम गर्न थप सहज होस् भन्ने हेतुले बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत सहयोग गरेको हो।

मेगा बैंकबाट सहयोग पाउँदा खुसी व्यक्त गर्दै डिएसपी घिमिरेले बैंकलाई धन्यवाद दिनुभयो।

# ग्लोबल आइएमई बैंकको क्रेडिट कार्ड लिन अनलाइन मार्फत आवेदन दिन सकिने

काठमाडौँ। ग्लोबल आइएमई बैंक लि.ले ग्राहकको सहज पहुँच र सुविधालाई ध्यानमा राखी क्रेडिट कार्डको दरखास्त फारम अनलाइन प्रणाली मार्फत भर्न सक्ने व्यवस्था गरेको छ।




यसका साथै ग्राहकहरूले आफ्नो बुझ्न र कार्ड कसरी पाउने भन्ने सम्बन्धी जानकारी अत्याधुनिक प्रविधियुक्त अनलाइन प्रणालीको माध्यमबाट पाउन सक्नेछन्। क्रेडिट कार्ड लिन इच्छुक ग्राहकहरुले ग्लोबल आइएमई बैंकको वेबसाइटमा गई आवेदन दिन सक्नेछन्। ग्लोबल आइएमई बैंकले समय सापेक्ष रुपमा यस्ता प्रविधिहरू मार्फत ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै यस्तो प्रकारको योजनाहरु ल्याउने गरिरहेको छ। बैंकले अत्याधुनिक प्रविधियुक्त भाइवर बैंकिङ्ग सेवा, मोबाइल बैंकिंङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग सेवा प्रदान गर्नुका साथै अष्ट्रेलिया, बेलायत र भारतमा प्रतिनिधि वा सम्पर्क कार्यालय स्थापना गरेर सेवा प्रदान गर्दै आइरहेको छ। बैंकले मलेसिया, दक्षिण कोरिया, कतार, युएई, बहराइन लगायतका मुलुकबाट रेमिट्यान्स सेवा समेत प्रदान गर्दै आइरहेको छ।

# बैंकिङ्ग संसार

## मुक्तिनाथविकास बैंक र विराटनगरस्थित संजिवनी हस्पिटल र विराट आँखाहस्पिटलबीच सहकार्य

काठमाडौँ। मुक्तिनाथ विकास बैंकले विराटनगर स्थित संजिवनी हस्पिटल तथा आई.भि.एफ सेन्टर प्रा.लिसंग बैंकका ग्राहकहरुलाई हस्पिटलको तोकिएका शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेको छ। उक्त सम्झौता पत्रमा संजिवनी हस्पिटलको तर्फबाट प्रबन्ध निर्देशक विनायक पन्त र मुक्तिनाथ विकास बैंक लि.का तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत समीर शेखर बज्राचार्यले हस्ताक्षर गर्नुभयो।

साथै, विकास बैंकले विराटनगरकै विराट आँखा हस्पिटलसंग पनि बैंकका ग्राहकहरुलाई हस्पिटलको तोकिएका शुल्कमा विशेष छुट दिने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेको छ। उक्त सम्झौता पत्रमा विराट आँखा हस्पिटलको तर्फबाट प्रबन्ध निर्देशक राजकुमार मण्डल र मुक्तिनाथ विकास



बैंक लि.कातर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत समीर शेखर बज्राचार्यले हस्ताक्षर गर्नुभयो।

यस सम्झौतापश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्ड वाहक ग्राहकहरूले संजिवनी हस्पिटलर विराट आँखा हस्पिटल, विराटनगरमा उपचार गराउँदा तोकिएका विभिन्न सेवाहरुमा १५ प्रतिशत सम्मछुट पाउने व्यवस्था गरिएको छ।

मुक्तिनाथ विकास बैंक लि.ले देशैभरी ११८ वटा शाखा, २२ वटा ए.टि.एम. र करिब सातलाख ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप तथाकर्जा सुविधाहरु, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्वा, मोबाइल बैंकिंङ्ग सुविधाका साथै देशैभरी भिषा नेटवर्क अन्तर्गत रहेका एटीएमबाट निःशुल्क रकम झिक्न मिल्ने सेवाहरु उपलब्ध गराएको छ। हालै मात्र बैंकले क्यान्सर उपचार र दुर्घटना मृत्यु बीमामा आवद्ध गरी जीवन वरदान बचत खाता तथा, आकर्षक सुविधा र व्याजदरमा आवास तथा सेयर कर्जा सञ्चालनमा ल्याएको छ।

## एनआईसी एशिया बैंक र भन्सार विभागबीच विस्तारित काउण्टर राख्ने सम्झौता

काठमाडौँ। एनआईसी एशिया बैंक लिमिटेड र नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत भन्सार विभागबीच कञ्चनपुर भन्सार कार्यालय परिसरमा बैंकको विस्तारित काउण्टर स्थापना गर्ने सम्झौता भएको छ। उक्त सम्झौताअनुसार कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीमा स्थापना हुने बैंकको काउण्टरबाट भन्सार कार्यालयको कारोबारका साथै भन्सारमा आउने सेवाग्राहीले



थप सुविधा प्राप्त गर्न सक्नेछन्।

नेपाल सरकारको भन्सार तथा राजस्व कार्यालयहरुमा नगदरहित कारोबारको सुनिश्चितता गर्ने उद्देश्यमा सहकार्य गर्दै यस एन आई सी एशिया बैंकले विभिन्न भन्सार कार्यालयहरु, आन्तरिक राजश्व कार्यालयहरु लगायत राजश्व संकलन हुने अन्य कार्यालयहरुमा विस्तारित काउन्टर खोली आफ्नो सेवा प्रदान गर्दै आइरहेको छ।

यसै क्रममा उक्त विस्तारित काउण्टर खोल्ने सम्झौता भएको हो। सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने र भन्सार विभागका तर्फबाट विभागका महानिर्देशक श्री रामेश्वर दंगालले हस्ताक्षर गरेका थिए। सम्झौतासँगै नेपाल भारत सीमामा रहेको कञ्चनपुर भन्सार कार्यालयबाट दैनिक रुपमा हुने आयात निर्यातसँग सम्बन्धित कारोबारका लागि बैंकका सेवाग्राहीले छिटो छरितो तथा पारदर्शी रुपमा सेवा प्राप्त गर्न सक्ने विश्वास बैंकले लिएको जनाएको छ।

बैंकको मुलुकभर २९५ शाखा कार्यालयहरु, ३२१ एटिएम, ५७ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ। १७ लाखभन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन्। साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ।

## सिटिजन्सद्वारा भिएस निकेतन स्कूलमा एटिएम सञ्चालन

काठमाडौँ। सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले काठमाडौँको मीनभवनस्थित भिएस निकेतन स्कूलमा एटिएम सेवा शुभारम्भ गरेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल तथा भिएस निकेतनका उबिन पोखरेलले संयुक्त रुपमा उक्त एटिएम सेवाको उद्घाटन गरेका हुन्। यसले गर्दा स्कूलका सेवाग्राही तथा मीनभवन क्षेत्र र वरपरका जनता निकै लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

# रिभाइभ प्रेस मिडिया !

**झपेन्द्रराज वैद्य**

प्रेस र मिडिया पार्टीभन्दा माथि छन् । सत्य, तथ्य लेख्न पार्टी र आस्थाले नियन्त्रण गर्दैन, गर्नु पनि हुँदैन । नेपाल पत्रकार महासङ्घका केन्द्रीय अध्यक्ष गोविन्द आचार्य आस्थाले सत्ताधारी नेकपाको निकट हुनुहुन्छ तर अभिव्यक्ति स्वतन्त्रताका लागि सम्झौताहीन सङ्घर्ष गर्दै आउनुभएको छ । यस मानेमा उहाँ धन्यवादको पात्र हुनुहुन्छ आजसम्म । पछिको मूल्याङ्कन भविश्यले नै गर्ला । पत्रकारिता नबोल्नेको आवाज हो भने यसलाई पार्टीमा कैद गराउनु अन्याय हुन्छ । लोकतन्त्रमा समाचार माध्यमलाई राज्यको चौथो अङ्ग मानिन्छ । यसले सरकारलाई फिडब्याक दिन्छ ।

पत्रकारहरुको एउटा पार्टीमा आस्था त हुन्छ नै तर सच्चा पत्रकारले यथार्थ कुरा पस्केको हुन्छ । पत्रकारभित्र पनि सदाचार हुन्छ । आचार संहिता हुन्छ । व्यक्तिगत रिसिइबीले गलत समाचार दिने पत्रकारलाई सर्वप्रथम त पत्रकार महासङ्घले नै नियन्त्रण गर्छ । प्रेस काउन्सिलले मुद्दा हेर्छ, नियमन गर्छ । आजसम्म यही भइरहेको छ । यसमा पनि थप चाहियो भने सीडीओ कार्यालयले शान्ति सुरक्षाको नामबाट हेर्छ । तर रिस उठेकालाई नै जकाउने गरी अप्रजातान्त्रिक अभ्यास किन ? भन्ने प्रश्न यत्र तत्र उठेको छ ।

अहिले धेरैजसो कुरा प्रधानमन्त्रीको नियन्त्रणमा राख्न खोजिएको, राखिएको पनि छ । संवैधानिक परिषद्, न्यायपरिषद्, राष्ट्रिय सुरक्षा परिषद् आदि प्रधानमन्त्रीको नियन्त्रणमा राखिएको छ । यस्तै तरिकाले पत्रकारहरु नियन्त्रणमा आउँदैछन् । प्रेस मिडियाको साङ्लो प्रधानमन्त्रीको हातमा हुनेछ । यसै त भ्रष्टाचार विरुद्धका अभियन्तालाई कारवाही गरिन्छ । एनसेलले राज्यलाई लाभकर बुझाएन भन्नेलाई जेलहालिन्छ भने अझ घोडाको लगाम सीधै सरकार प्रमुखको हातमा आयो भने प्रेस मिडियाले चुनौतीको सामना गर्नेछ । लोकतन्त्र खतरामा पर्नेछ । अन्ततः लोकतन्त्र नै समाप्त हुने छ । सरकार तानाशाही हुनेछ ।

यसअघि प्रेस काउन्सिलले काम गरिरहेको अवस्थामा लोकतन्त्रलाई कस्न सरकारले प्रेस मिडिया विधेयक २०७५ संसदमा दर्ता गराइसकेको छ । अन्याय, अत्याचार, तानाशाह भयो भनेर पञ्चायत फालेको मसी पनि सुक्न नपाउँदै फेरि लोकतन्त्रको गला समातिएको छ । आफ्ना नेता कार्यकर्ताहरुले भनेको गरेको कुरा केही हुँदैन । त्यही कुरा बाहिरी मान्छेले भनेमा कारबाहीमा पर्छन्, कस्तो बिडम्बना । प्रतिपक्षी तथा सत्ताधारी नेताले सरकार तानाशाही प्रवृत्तिले चलिरहेको बताउँछन् । सत्ताधारी नेकपाका स्थायी समिति सदस्य घनश्याम भुसालले, 'दलाल पुँजीवादको घोडा चढेर समाजवादको स्वर्गमा जानसकिँदैन भन्ने कुरा गरेका छन् ।

यस्तै रातो पेज मे. ९, २०१९ मा राजा र काँग्रेसले खाएको भन्दा बढी नेकपाले खाँदैछ' भन्ने अभिव्यक्ति दिएका छन् । यस्तै 'भ्रष्टाचारले मुलुक आक्रान्त बनाउँदा यो सरकार लाचार निरिह बन्यो', भन्छन् अग्नि सापकोटा । यी एक दुईवटा उदाहरण मात्र हुन् । भीम रावल लगायत दर्जनौं नेताहरुले सरकार फसीवादको यत्रामा रहेको र राष्ट्रियता समाप्त हुँदै गएको अभिव्यक्ति दिएका छन् । पार्टीभित्रको तानाशाह प्रवृत्ति बाहिर छरपष्ट भएको छ । यही तरिका शासनमा आएको छ । यही प्रवृत्ति पत्रकारमा ल्याउने तुनाबुना बुनिदैछ ।

राष्ट्रियताप्रति मौनता र भ्रष्टाचारको सवालमा अकर्मण्यता आदि सरकारलाई महँगो हुनेछ भनी राजनीतिक नेता, नागरिक समाजका अगुवा, कलाकार आदिले भनिरहेका छन् ।




क्रान्तिकारी नेकपाका महामन्त्री मोहन वैद्यले 'सरकारले वाहियातमा पार्टी प्रतिबन्ध गरेर विप्लभ नेकपालाई हाइलाइट गरेको छ', भन्ने अभिव्यक्ति दिएका छन् । हुन पनि अस्ट्रेलिया, फिनल्यान्ड र हालै जर्मन कम्युनिस्ट पार्टीले प्रतिबन्ध रोक्न र साम्राज्यवादी घुसपैठ हुन नदिन सरकारलाई आग्रह गरेका छन् । इन्डो पेसिफिकले चाइनाको बीआरआईलाई काउन्टर दिएको कुरा जानकारहरु बताउँछन् । सुरक्षालगायतका सवालमा इन्डो प्यासिफिकले सहकार्य गर्ने सहमति जनाएको छ । यही कुराले नेपाल कति सुरक्षित छ ? भन्ने जनाउँछ । सत्ताधारी नेकपा प्रवक्ता देव गुरुङले त यस्तै हो भने नेपाल विदेशी ठूला शक्तिहरुको क्रीडास्थल बन्ने कुरा गरेका छन् ।

संविधान प्रदत्त प्रेस स्वतन्त्रताको लोकतान्त्रिक अभ्यास सरकारका लागि ठूलो चुनौती भएको छ । यसैले सरकारले अलोकतान्त्रिक प्रस्ताव पेस गरेको छ । यसले खोज पत्रकारिताको मुटुमा प्रहार गरेको अनुभूत हुन्छ । प्रस्तावित विधेयकमा विपक्षीले लेखेको समाचार चित्त नबुझेमा पत्रकारलाई डण्डा लगाएर तह लगाउने प्रावधान छ । एउटा पत्रकारले मासिक १०, १५ हजार पाउँछ भने कसरी उसले एक करोड जरिमाना तिर्नसक्छ ? यस अतिरिक्त ऊ १५ वर्षसम्म कारागारमा बस्नु पर्ने हुन्छ । सङ्घीयता र धर्ममा प्रहार गरेमा ५ वर्ष कैद र ५ लाख जरिमाना भनिएको छ । काउन्सिललाई २५ हजारदेखि १० लाखसम्म सजाय गर्नसक्ने अधिकार दिने भनिएको छ । यावत कुरा हेर्दा पत्रकारले सोझोलाई सोझो र बाङ्गोलाई बाङ्गो भन्न सक्ने छैनन् । खोज पत्रकारिता ओझेलमा पर्ने अवस्था हुनेछ । फोटो पनि खिच्न नपाइने भयो । परिणामतः व्याप्त असन्तोष हुँदा प्रतिगमनले फाइदा उठाउने सम्भावना रहने छ । सङ्घीयता धरापमा पर्नेछ । पत्रकारलाई एक करोड खर्च गरेर नाकको डाँडी भाँचिदिन्छु भन्ने धम्की आउँछ भने पत्रकारले कसरी काम गर्न सक्छन् ? घेराबन्दीमा छन् पत्रकार ।

खासगरी दुईथरी पत्रकार छन् । एउटा सुन्दर पक्ष जसले सामन्तवाद, साम्राज्याद र दलाल पुँजीवादको विरोध गर्दै सत्य तथ्य कुरा उजागर गरेको हुन्छ । सचेतना फैलाएर समाज रूपान्तरण गर्न भूमिका खेलेको हुन्छ । यस्ता पत्रकाहरुलाई खेल्न दिनुपर्छ ।

अर्को खालका पत्रकर हुन्- दलाल पुँजिवादी । यिनीहरुले संस्कृति, धर्ममा विभ्रम फैलाएर समाजमा विकृति विसङ्गति फैलाएका हुन्छन् । राष्ट्रियतामा दरार पैदा हुन्छ । अग्रगमनमा तगारो लाग्छ । यिनीहरु समाज सापेक्ष नभएमा स्वतः जनताबाट कटेका हुन्छन् । यी पत्रकारहरुलाई ठूला मिडियाको निगमले संरक्षण गरेका हुन्छन् । सामाजिक दलाल पुँजीवादबाट उनीहरु त्यति जोखिममा पर्दैनन् जति अग्रगामी पत्रकारहरुले जोखिम मोलेका हुन्छन् । अहिले पनि कहिलेकाहीँ पत्रकारहरु थुनिएका र मारिएका पनि हुन्छन् ।

सरकार पत्रकारबाट त्रसित भइरहेको छ । यसको फलस्वरूप पत्रकारलाई तहलगाउने उद्देश्यले प्रेस मिडिया विधेयक २०७५ प्रस्तावित गरिएको छ । यसलाई सरकारले फिर्ता ल्याएर जनतालाई लोकतन्त्रको अनुभूति दिन सक्नुपर्छ । पत्रकार त घोडाको जगर समात्ने मान्छे हो । त्यसैले ऊ निशानामा परेको हुन्छ । १२ वर्षे जनयुद्ध र जनआन्दोलनमा सयौँ पत्रकार मारिएका छन् । तिनीहरूमध्ये कृष्ण सेन इच्छुक एक सशक्त स्पातिला पत्रकार हुन् । त्यसैले उनलाई कुटी कुटी मारिएको थियो । तर दुःखको कुरा गणतान्त्रिक सरकारले उनलाई खासै कदर गरेको छैन । उनका सपना र सङ्कल्प हराउँदै जाँदा अब उनलाई सम्मान गर्ने कुनै चिज नेताहरुमा बाँकी छैन । पत्रकारको महत्त्व भनिरहन पर्दैन ।

जनआन्दोलनको आधार तयार पार्ने पत्रकार नै हुन् । यसैले कुनै व्यवस्था फाल्न र राख्न पत्रकारहरुको अहं भूमिका हुन्छ । यसको परिणाम पत्रकारहरु पटक पटक मारिएका छन् । खास अर्थमा पत्रकारहरु देशको पहरेदार हुन् । प्रेस स्वतन्त्रताका सेनाली हुन् । उनीहरुले जनमत सिर्जना गर्छन् । कुरूपलाई सुन्दर बनाउँछन् । यसैले पत्रकारहरुले अन्धविश्वास, कुरीति र अन्ध परम्परालाई अँगाल्न हुँदैन । यथास्थितिमा बाँधिनुहुँदैन । पत्रकारहरुले पैसामा लागेर आफ्नो नैतिकता र इमानदारीलाई बेच्नुहुँदैन ।

पीत पत्रकारिता गर्ने पत्रकारलाई उचित दण्डको भागी बनाउनुपर्छ । तर उठ्नै नसक्नेगरी थिच्ने होइन । उसको खण्डन गर्नुपर्छ । चेतावनीसहित सुधार गर्ने मौका दिनु राम्ररो हुन्छ । हो कम्युनिस्टको सरकारमा भने फाँसी दिइएका उदाहरणहरु छन् । यो कम्युनिस्ट शासन होइन, लोकतान्त्रिक सरकार हो भनिन्छ नाममा । तर यसमा फासीवादी प्रवृत्ति हाबी छ भन्ने धेरै जानकारहरु बताउँछन् । यसैको परिणाम हिजो आसार ४ गते माइतीघर मण्डलामा हजारौँ जनता भेला भएर सरकारलाई खबरदारी गरिरहेका थिए । गुठीयार मात्र होइन, गुठीयारहरुका शुभचिन्तक, सहयोगी पनि हुनसक्छन् । उनीहरु पनि जनता हुन् । नेपालको नागरिक हुन् । इन्डियाबाट लिइएका भाडाका होइनन् । जो भए नि नेपाली हुन् ।

प्रेस स्वतन्त्रता सेनानीको हैसियतले अथवा साधारण नेपालीको नाताले पनि यो पङ्क्तिकारलाई पनि भन्न करलाग्छ, पत्रकारहरुको पनि यस्तै हविगत नहोस् । पत्रकारहरु सलह वा भनौँ अरिङ्गाल हुन् । जसको अन्तर्राष्ट्रिय भाइचारा पनि हुन्छ । यसैकारण प्रजातन्त्र तथा संविधान प्रदत्त स्वतन्त्रताका लागि सरकारले प्रस्तावित प्रेस मिडिया विधेयक २०७५ फिर्ता लिनुपर्छ । साथै लोकतान्त्रिक व्यवस्थामा मानव अधिकार आयोगको अधिकार पनि कटौती गरिन हुँदैन ।

यस आयोगले मानव अधिकारको संरक्षण र संवर्धनका लागि नियम उपनियम बनाउन सक्छ । आफ्ना शाखा प्रशाखाहरु विस्तार गर्न सक्छ । लोकतान्त्रिक पद्धतिमा अदालतलाई सरकारको नियन्त्रणमा राखिनु हुँदैन । स्वतन्त्र अदालतले जसलाई जिताएर छुटकारा दिएको छ उसले स्वतन्त्रताको अनुभूति गर्न पाउनुपर्छ । पङ्क्तिकारको कुनै आग्रह पूर्वाग्रह छैन । तर प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको चिन्ता छ । सङ्घर्ष गरेर ल्याएको स्वतन्त्रताको हरण गरिनुहुँदैन । प्रेस सतन्त्रता र प्रेस मिडिया रिभाइभ होसि

*साभारः राटोपाटी डटकम*

# ८७ देशमा टेलिकमको रोमिङ सेवा, यस्ता छन् सुविधा

काठमाडौं । नेपाल टेलिकमले हाल विश्वका ८७ मुलुकमा जाँदा रोमिङ सेवा प्रयोग गर्न सकिने सुविधा उपलब्ध गराएको छ । टेलिकमले ती देशका १९२ दूरसञ्चार सेवाप्रदायक कम्पनीसँग सहकार्य गरी सो सेवा उपलब्ध गराएको हो ।

तीमध्ये हालै ५३ मुलुकका ९९ सेवा प्रदायकसँगको रोमिङ सेवा शुल्कमा एकैचोटी भारी छुट प्रदान गरिएको प्रवक्ता प्रतिभा वैद्यले जानकारी दिएकी




छन् । कम्पनीका जीएसएम मोबाइल ग्राहकका लागि उपलब्ध रोमिङ सेवामा यो सहुलियत प्रदान गरिएको हो । कम्पनीले गत वैशाख १६ गतेदेखि जिएसएम प्रिपेड मोबाइल सेवाका ग्राहकका लागि पनि दुई छिमेकी मुलुक चीन र भारतमा अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध गराएको छ ।

जिएसएम प्रिपेड मोबाइल सेवामा कार्यान्वयनमा आइसकेको अन्तर्राष्ट्रिय रोमिङ सुविधा पश्चात भारतमा जाँदा नेपाललगायत जुनसुकै मुलुकबाट आएको आगमन कलको शुल्क प्रतिमिनेट करसहित जम्मा रु १४ मात्र लाग्छ, प्रवक्ता वैद्यले भनिन् । यसैगरी भारतमा रहँदा उक्त सेवामार्फत नेपालमा वा भारतमा फोन गर्दा प्रतिमिनेट करसहित रु ३० लाग्नेछ भने जम्मा रु २४ मा विश्वभर सन्देश ९एसएमएस० पठाउन सकिनेछ । साथै निशुल्क सन्देश पनि प्राप्त गर्न सकिनेछ ।

यसका साथै उत्तरी छिमेकी मुलुक चीनमा रहेका बेला नेपालमा फोन गर्दा प्रतिमिनेट रु ९० र नेपाललगायत विश्वका जुनसकै मुलुकबाट आगमन कलको शुल्क प्रतिमिनेट रु ५३ मात्र लाग्ने छ । यसैगरी चीनभरि जुनसुकै नम्बरमा ९कम्पनीको जिएसएम प्रिपेड मोबाइलमा समेत० कुरा गर्दा प्रतिमिनेट रु ५० र त्यहाँबाट विश्वभर जम्मा रु ५४ मा सन्देश पठाउन सकिने छ ।

कम्पनीले जीएसएम पोष्टपेड मोबाइलमा रोमिङ सुविधा उपलब्ध गराउँदा राखिने न्यूनतम धरौटी शुल्कलाई रु ३० हजारबाट घटाएर रु १० हजार मात्र कायम गरेको छ । साथै कम्पनीका जिएसएम प्रिपेड मोबाइल सेवा प्रयोगकर्ताले थप धरौटी नराखी रोमिङ सेवा प्रयोग गर्न सक्नेछन् ।

रोमिङ सुविधा लिएपछि नेपाल टेलिकमका जीएसएम मोबाइल प्रयोगकर्ताले विभिन्न देशमा गएको समयमा नेपाललगायत विश्वभरका मुलुकमा फोन गर्न, आएको फोन उठाउन, सन्देश पठाउन तथा प्राप्त गर्न सक्नेछन् । यसका साथै स्थानीय मोबाइल अपरेटरका नम्बरमा पनि कुरा गर्न र सन्देश आदानप्रदान गर्न सकिनेछ ।

प्रिपेड मोबाइलमा अन्तर्राष्ट्रिय रोमिङ सेवा लिनका लागि स्टार १४१५ ह्यास डायल गर्नुपर्दछ । कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यससम्बन्धी सेवा लिन सकिन्छ । पोष्टपेड मोबाइलमा सुविधा लिनका लागि कम्पनीको नजिकको ग्राहक सेवा केन्द्रमा सम्पर्क गर्नुपर्दछ । नेपाल टेलिकमले सन् २००१ बाट जिएसएम पोस्टपेड सेवाका ग्राहकका लागि अन्तर्राष्ट्रिय रोमिङ सेवाको सुरुवात गरेको थियो । त्यतिबेला छिमेकी मुलुक भारतबाट प्रारम्भ गरिएको रोमिङ सेवा अहिले विश्वका धेरै मुलुकमा सञ्चालनमा आएको छ ।

# अमेरिकामा ग्रीनकार्ड पाउन अब झन् मुस्किल

एजेन्सी । कानूनी रुपमा अमेरिकामा बसिरहेका आप्रवासीका लागि भिसा अवधि बढाउन र स्थायी नागरिकता पाउन अर्थात् ग्रीन कार्डको प्रक्रिया डोनल्ड ट्रम्प प्रशासनले थप मुस्किल बनाउने भएको छ । यो परिवर्तनले सरकारी सुविधामा एक वर्षभन्दा बढी समयसम्म आश्रित हुने आप्रवासी प्रभावित हुनेछन् ।

सरकारले आप्रवासनसँग जोडिएका नयाँ नियमको घोषणा गरेको छ जसअनुसार ती आप्रवासीको निवेदन स्विकार गरिने छैन जसले भविष्यमा अमेरिकी सरकारको सेवा वा योजनामाथि आश्रित हुनसक्छन् । ह्वाइट हाउसले भनेको छ, 'अमेरिकी नागरिकको हितको रक्षाका लागि देशमा आउने आप्रवासी आत्मनिर्भर हुन आवश्यक छ ।' अधिकारीकाअनुसार यो नियमले 'स्वावलम्बनको महत्व' लाई थप प्रभावकारी बनाउनेछ ।ट्रम्प प्रशासनको नयाँ नियमको असर कम आम्दानी भएका नेपालीमा पनि पर्न सक्छ ।

**अंग्रेजी जान्नैपर्नेः**

अमेरिकी नागरिकता र आप्रवासन सेवाका कार्यवाहक निर्देशक केन कुच्चिनेलीले सोमबार पत्रकार सम्मलेनमा यो नियमको घोषणा गरे । उनले भने, 'ग्रीन कार्डका लागि निवेदकको आर्थिक स्थिती, शिक्षा, आयु र उनीहरुले अंग्रेजी जानेको स्तरलाई आधार मानेर निर्णय लिइनेछ । कुनै एक मापदण्डलाई आधार मानेर यसबारे विचार गरिनेछैन । 'सोमबार फेडरल रजिस्टरमा 'पब्लिक चार्ज रुल' नामको यो नयाँ नियम प्रकाशित भएको हो । नयाँ नियम यसै वर्ष १५ अक्टोबरदेखि लागू हुनेछ ।

**नियमको असर क–कसलाई ?**

ती आप्रवासी जसले पहिले नै अमेरिकी नागरिकता पाइसेकका छन्, उनीहरुलाई यसले कुनै असर पार्नेछैन । साथै शरणर्थी वा शरणार्थी शिविरमा बसिरहेकालाई पनि यो नियम लागू हुनेछैन ।

तर भिसा बढाउने सम्बन्धि दिइने निवेदन, ग्रीन कार्ड वा अमेरिकी नागरिकता पाउनका लागि दिइने आवेदनमा यो नियम लागू हुनेछ । यो नयाँ नियम अनुसार ती व्यक्ति जसको कमाई मापदण्ड अनुसार छैन वा जसले सरकारी मद्दत जस्तै खाद्य, अस्पताल वा सरकारी घरको आशा गर्छन् उनीहरुलाई भविष्यमा अमेरिकामा प्रवेशका लागि अनुमती पाउन मुश्किल हुनसक्छ । अहिलेको स्थितीमा अमेरिकामा बस्ने सरकारी सुविधामाथि निर्भर रहने आप्रवासीको निवेदन खारेज हुने सम्भावन अत्यधिक छ । एक अनुमानका अनुसार अमेरिकामा कानूनी रुपमा २।२ करोड मानिस छन् जोसँग त्यहाँको नागरिकता छैन । उनीहरुमाथि नयाँ नियमले असर पुर्‍याउने अनुमान गरिएको छ । यस्तै मानवाधिकार समूहले ट्रम्प प्रशासनको यो निर्णयको आलोचना गरेका छन् । उनीहरुका अनुसार यो नियम कम आय भएका आप्रवासीलाई रोक्ने कोसिस हो । नेशनल इमिग्रेशन ल सेन्टरले नयाँ नियम लागू हुनलाई रोक्नका लागि ट्रम्प प्रशासनविरुद्ध अदालतको ढोका ढक्ढकाउने बताएको छ ।

# फल्न छाड्यो गुराँसेको स्याउ

सुर्खेत । एक समय दैलेख र सुर्खेत जिल्लाको सीमा क्षेत्र रानीमत्ता-गुराँसे स्याउका लागि प्रख्यात थियो । घर-घरमा स्याउका बगैंचा देखिन्थे । यात्रुहरु स्याउको स्वाद चाख्नकै लागि त्यहाँ विश्राम लिने गर्दथे । गुराँसेको स्याउले दैलेख, सुर्खेत र नेपालगञ्जसम्म बजार पाएको थियो । दैलख, जाजरकोट, कालीकोट र जुम्ला लगायतका जिल्लाबाट तराई झर्ने मुख्य नाका भएकाले यहाँ स्याउको स्वाद नलिने कमै थिए । कोशेलीका रुपमा पनि यात्रुहरुले स्याउ किनेर लैजान्थे ।

गुराँसेको स्याउ भने अब इतिहास बनिसकेको छ । पछिल्लो एक दशकयता गुराँसे-रानीमत्ता क्षेत्रमा स्याउका बोट देखिन छाडेका छन् । लटरम्मै फलेका स्याउ देखेका त्यतिबेलाका पैदल यात्रीहरु आजभोलि बोट समेत नदेख्दा अचम्मित छन् । गुराँसे बजार भारतीय स्याउले ओगटेको छ ।

गुरांसे लेकाली हावापानी भएको क्षेत्र हो । विसं २०४० मा दैलेखको माथिल्लो गाइबान्ना, रानीमत्ता र गुराँसेका बासिन्दाले 'रेड गोल्डेन' जातको स्याउ रोपे । बगैंचा बनाउन ऋण सापट गरी जुम्लादेखि बोटहरु खरिद गरे । शुरु-शुरुमा राम्रै फल्यो । स्याउबाट मनग्य कमाउने कृषकको आशा धेरै वर्ष टिकेन । बोटहरु सुक्दै गए । तापमान वृद्धिकै कारण स्याउ बगैंचा फाँडेर ४० भन्दा बढी कृषकहरु अहिले व्यावसायिक तरकारी गरिरहेका छन् ।

सेरी गाइबान्नाका कृषक रुद्रप्रसाद पौडेलले कृषि विकास बैंकबाट झिकेको ऋण नतिर्दै स्याउका बोटहरु सुकेको गुनासो गर्नुभयो । बचेका बोटको फल पनि राम्रो लागेन, हावापानीले मेल नखाएपछि बगैंचा फाड्नुपर्‍यो, उहाँले भन्नुभयो - अहिले आलु, काउली, बन्दा, मुला लगायतका तरकारी खेती गरेका छौं । किसानले १५ देखि ५०० बोटसम्म रोपेका थिए । प्रतिबोट रु ५० मूल्य परेको थियो, पचास एकाउन्न सालदेखि स्याउ खेती बिग्रँदै गयो, सुक्न र राम्रो फल नलागेपछि बगैंचा मास्यौं, पौडेलले भन्नुभयो ।


शुरुका वर्षहरुमा स्याउ राम्रै फलेको थियो, एउटै बोटले ६०० जति दाना दियो, अर्का कृषक दीपक पौडेलले भन्नुभयो - शुरुतिर रसिलो थियो । पछि दाना स-साना भए । स्वाद पनि हराउँदै गयो । यहाँको ३०० रोपनीमा दुई हजार ५०० स्याउका बोट रोपिएको थियो । कतिपय कृषकले बोट खरिद गर्दा लागेको ऋण तरकारीको आम्दानीले तिरे । स्याउ खेती गर्दा लिएको रु १० हजार ऋण तिर्न नसक्दा बैंकले स्थानीयवासी प्रेम ढकालको जग्गा नै लिलाम गरेको थियो । उहाँले सबैभन्दा बढी ५०० बोट रोप्नुभएको थियो । स्याउका लागि हावापानी अनुकूल नहुँदा प्रेमजस्ता थुप्रै विपन्न कृषकले ऋण तिर्न सकेनन् । बगैंचा बनाउँदा यसरी डुबिएला भन्ने पत्तै पाइएन, बैंकले जग्गा जफत गरिदियो, ढकाल गुनासो गर्नुहुन्छ - शुरुका केही वर्ष राम्रै फल्यो । त्यतिबेला सुर्खेत-दैलेख सडक थिएन । पैदल हिँडेर स्याउ बेच्न सुर्खेत झर्नुपदर्थ्यो । जब सडक आयो, तब स्याउ फल्न छाड्यो । ऋणमा मात्रै डुबायो ।

एकाउन्न सालमा सुर्खेत-दैलेख सडकको ट्र्याक खुल्यो । त्यसअघि पैदल आउजाउ गर्नुपर्थ्यो । गुराँसेबाट थोक मूल्यमा खरिद गरी डुंगेश्वर, घोडाबास, चुप्रा, धरम पोखरावासीले बिक्रीका लागि लैजान्थे । रुख सुक्दै जानु, दाना पनि राम्रो नलाग्नु, स्वादिष्ट नहुनु, बेमौसममा फुल्न र फल्न थालेपछि किसानले स्याउ मासेका हुन् । लेकाली हावापानी भए पनि पछिल्ला वर्ष गुराँसेमा गर्मी बढ्दै गएको छ जसको प्रत्यक्ष असर मध्यपहाडी क्षेत्रमा फल्ने स्याउ हराउँदै गएको छ । समुद्री सतहबाट गुराँसे रानीमत्ता दुई हजार १९८ मिटर उचाइमा अवस्थित छ जुन सुर्खेतसँग सीमा जोडिएको दैलेखको दक्षिणी गुराँस गाउँपालिकामा पर्दछ । कृषि ज्ञान केन्द्र दैलेखका कृषि प्रसार अधिकृत नरेन्द्र थापाले 'रेड गोल्डेन' जातको स्याउलाई बढी चिस्यान आवश्यक पर्ने बताउनुभयो । रेड गोल्डेन जातलाई हिउँ बढी पर्ने र बाह्रै महीना लेकाली हावापानी हुने क्षेत्र उपयुक्त मानिन्छ, उहाँले भन्नुभयो - जलवायु परिवर्तनका कारण तापक्रम बढ्दै गयो । त्यसकै परिणाम गुराँसेको हावापानी स्याउका लागि प्रतिकूल बनेको हो ।

कृषकले स्याउको फल नपाए पनि तरकारीबाट राम्रो प्रगति गर्दै आएका छन् । सुर्खेत-दैलेख सडक कालोपत्रे भएपछि यहाँबाट सुर्खेत एक घण्टामै पुगिन्छ । तरकारी खेतीबाटै अधिकाँश कृषकले सुर्खेत उपत्यकामा घर-घडेरी किनेका छन् तर, मौसममा आएको फेरबदलले मुख्य आयस्रोत तरकारी खेतीमा प्रत्यक्ष असर पुग्न थालेकामा कृषक चिन्तित छन् । विभिन्न रोगकीराका कारण तरकारीको उत्पादकत्व पनि घट्दो अवस्थामा छ । गुराँसे रानीमत्ता क्षेत्रमा सबैभन्दा बढी सिँचाइ र खानेपानीको समस्या छ ।

## स्वास्थ्य/खेलकुद/विविध

# आँखाको हेरचाह गरौं, रोगबाट बचौ



आँखा भन्ने वित्तिकै हामी संसर ठान्छौं र शरीरको प्रतिबिम्ब मान्छौं । यो एउटा आत्माको लागि छायाँ वा प्रतिबिम्ब पनि हो । तर पनि हामीले आफूलाई समस्या आएपछि मात्र यसको उपचार हेला गरेरै गर्दछौं । यसको राम्ररी महत्व बुझ्न चाहँदैनौ वा बुझेकै छैनौ । आँखा स्वास्थ्य हुनु वा नहुनुमा फरक छ । एउटा मानिसको जसरी प्रत्येक अंग स्वस्थ्य हुनुपर्छ, त्यसरी नै आफूलाई सही बाटो र ठाउँमा पुऱ्याउने आँखाको पनि हेरचाह र उपचार हुनुपर्छ । अन्यथा सपनाहरु अधुरो लाग्न थाल्छ । तसथै बेलैमा यसको हेरचाह र उपचार हुनु जरुरी छ । हाल नेपालमा आँखामा लाने रोगहरुः १) रिफ्रेक्टिभ एरर, २) मोतिबिन्दु, ३) जलविन्दु, ४) आँखा पाक्ने रोग, ५) डायबेटिक ६) ड्राई आई सिन्ड्रोम आदी हुने गर्दछ ।

यसको लागि स्वास्थ्य तथा संन्तुलित आहार खानुपर्छ । हरियो सागपात, पहेंलो सरकारी, माछा तथा प्रशस्त फलफूल नियमित खान जरुरी छ । शरीरको लागि पानि र आँखाको लागि समेत नियमित व्यापाम गर्ने, धुम्रपान, मद्यपान नगर्ने, घाममा सिधै नहेर्ने, घाममा हिंड्नुपर्दा छाता ओढ्ने वा क्याप लगाउने, सकभर कालो चश्मा प्रयोग गर्ने, नांगो आँखाले घाममा नहेर्ने आदी पर्दछन् । आफ्नो शरीरको स्वास्थ्य जाँच (होलबडी चेकअप) गर्ने, तौल लिने पनि गर्नु पर्दछ । एकोहोरो मोबाइल चलाएर नबस्ने, एकोहोरो टिभीमा हेरेर नबस्ने, आँखालाई आराम दिने, चिसो पानीले धुने र पानी प्रशस्त पिउने, आँखाबाट आँशु बगेमा अप्ठ्यारो भएमा चिकित्सकहरुको सल्लाह लिएर मात्र आँखामा औषधी राख्ने गर्दा वेश हुन्छ ।



सुरेश कुमार अधिकारी “मित्र”

# बिरामीको चाप बढेपछि सेवा विस्तारको माग

**–नारायण अधिकारी**

भरतपुर । उपचारका लागि भरतपुर अस्पतालमा आउने बिरामीको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको छ । बिरामीको सङ्ख्यामा बढ्दै गए पनि त्यसअनुसारको पूर्वाधार नहुँदा व्यवस्थापन गर्न कठिन भएको अस्पतालले जनाएको छ ।

सीमित स्रोतसाधनमा धेरै बिरामीलाई उपचार गर्नुपर्ने बाध्यतासँगै अस्पताल प्रशासनले स्वास्थ्य मन्त्रालयमा सेवा विस्तारका लागि बजेट माग गरेको छ । गतवर्ष केन्द्रीयस्तरको अस्पतालको मान्यता पाएर पनि बजेट नपाएको यहाँको भरतपुर अस्पतालले रु २४ करोड बराबरको बजेट निकासा गर्न र दरबन्दी थपका लागि प्रक्रिया अघि बढाउन माग गरेको हो । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा श्रीराम तिवारीका अनुसार बिरामीको चाप निकै बढेपछि उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवलाई भेट गरी अस्पतालको समग्र अवस्थाको बारेमा जानकारी गराइएको हो ।

उहाँले भन्नुभयो, ‘आइतबार हाम्रो बहिरङ्ग सेवामा एक हजार ६८८ बिरामीले टिकट काटेका थिए ।’ ती सबैको एकै दिनमा उपचार गर्न सेवा विस्तार गर्नुपर्ने भएकाले आफूले मन्त्रीलाई भेट गरी सेवा विस्तारका लागि आग्रह गरेको जानकारी दिनुभयो ।

तिवारीका अनुसार मन्त्री यादवले केन्द्रीय अस्पताल भएकाले तत्काल सेवा विस्तारका लागि आवश्यक वजेट विनियोजन गरी अख्तियारी दिने आश्वासन दिनुभएको छ । केन्द्रीय अस्पतालमा पनि बिरामीको आधारमा बजेट उपलव्ध गराउन आफूले माग गरेको तिवारीले बताउनुभयो । यसैगरी अर्गनाइजेसन एण्ड म्यानेजमेन्ट (ओएनएम) सर्वे गरेर दरबन्दी थप गरिदिन पनि मन्त्रालयमा माग गरिएको छ । कर्मचारी समायोजनपछि यो प्रक्रिया अघि बढ्ने मन्त्री यादवले आश्वासन दिनुभएको तिवारीले जानकारी दिनुभयो ।

यहाँको सेवा चित्त बुझेकै कारण बिरामी बढिरहेको उहाँले बताउनुभयो । सेवाग्राहीलाई अस्पतालले साधनस्रोतले भ्याएसम्मको सेवा दिइरहेको छ, उहाँले भन्नुभयो, हामीले भएका साधन र जनशक्तिले भ्याएसम्मको सेवा बिरामीलाई दिइरहेका छौं ।

भरतपुर अस्पतालमा अल्ट्रासाउण्ड दुई थान, पूर्ण डिजिटल एक्सरे एक थान, शिशु सघन उपचार कक्ष र सघन उपचार कक्षमा दुई/दुई वटा भेन्टिलेटर थप गर्न माग गरिएको छ । यस्तै सुत्केरी र आकस्मिक कक्ष छुट्टै बनाउन बजेट प्रस्ताव गरिएको छ । चिकित्सकका लागि हाल भएको आवास जीर्ण भएकाले नयाँ भवन निर्माणका लागि प्रस्ताव पेश गरेको उहाँले बताउनुभयो ।

यस्तै एक महीनादेखि १४ वर्ष सम्मका बालबालिकाको उपचार गर्ने शिशु सघन उपचार कक्ष र आकस्मिक कक्षका लागि छुट्टै प्रयोगशाला निर्माणका लागि बजेट माग गरिएको तिवारीले जानकारी दिनुभयो ।

भरतपुर अस्पतालमा भएका चिकित्सकहरुले दैनिक ८० देखि एक सय जना बिरामी हेर्नुपरेको भन्दै तिवारीले हालको दरबन्दी भन्दा दोब्बर चिकित्सक र स्वास्थ्यकर्मी आवश्यक रहेको बताउनुभयो । दरबन्दी थपका लागि अर्थ, सामान्य र स्वास्थ्य मन्त्रालयले (ओएनएम) सर्वे गर्नुपर्नेहुन्छ । अस्पतालका सूचना अधिकारी लीलाधर पौडेलका अनुसार अहिले अस्पतालमा ७७ जना विशेषज्ञ चिकित्सक र ३१ जना मेडिकल अधिकृत कार्यरत रहेका छन् ।

बिरामीको सङ्ख्याको तुलनामा यो दरबन्दी निकै न्यून भएकाले अस्पताल प्रशासनले मन्त्रालयमा दरबन्दी थपका लागि पहल गरिरहेको उहाँले जानकारी दिनुभयो । अस्पतालको सेवामा सन्तुष्टि, बीमाको पहिलो केन्द्र र जनसङ्ख्याको वृद्धिसँगै अस्पतालमा दिनानुदिन बिरामी बढ्दै गएको पौडेलको भनाइ छ । कूल बिरामीको आधाभन्दा बढी बीमाका हुने गरेका छन् । उहाँका अनुसार अस्पतालमा प्रसूति सेवा लिन र गर्भवती जाँचका लागि आउने दुवै खालका बिरामी बढिरहेको छ । दैनिक ४० जना हाराहारी बच्चा भरतपुर अस्पतालमा जन्मने गर्दछन् । जसको २५ प्रतिशत भन्दा बढीलाई शल्यक्रिया गर्नुपर्नेहुन्छ ।

विसं २०१३ मा एउटा छाप्रोको १५ श्ययाबाट शुरु भएको भरतपुर अस्पतालले केन्द्रीय बनेसँगै ५०० श्ययाको अनुमति पाए पनि अस्पतालमा ६०० श्यया सञ्चालनमा छ । हाल अस्पतालले १४ वटा विभागमार्फत सेवा दिइँदै आएको छ । चितवन, मकवानपुर, नवलपरासी, धादिङ, गोरखा, लमजुङ, तनहुँलगायतका जिल्लाबाट उपचारका लागि यहाँ बिरामी आउने गर्दछन् ।

# आन्तरिक भ्रमण वर्षको ७ महिना निराशाजनक

**– जमुना वर्षा शर्मा**

चिप्लेढुङ्गा । पर्यटनलाई समृद्धिको मुख्य आधार मानेर गण्डकी प्रदेशले आन्तरिक भ्रमण वर्ष घोषणा गरेको सात महीना बितिसकेको छ । प्रदेश सरकारले सन् २०१९ लाई आन्तरिक पर्यटन वर्ष, सन् २०२० लाई छिमेकी देशका पर्यटक आकर्षण वर्ष, सन् २०२१ लाई पूर्वाधार विकास वर्ष र २०२२ लाई बृहत् प्रदेश पर्यटन वर्षको रुपमा मनाउने योजना अघि सारेको हो । सन् २०२२ सम्म गण्डकी प्रदेशमा २० लाख पर्यटक भित्र्याउने महत्वाकाँक्षी लक्ष्य गण्डकी प्रदेश सरकारले राखेको छ ।

विसं २०७५ माघ ९ गते आन्तरिक भ्रमण वर्षको घोषणा भयो । सात महीना बितेपछि मात्रै असार १७ गते बसेको पहिलो बैठकले जुद्ध गुरुङलाई कार्यक्रम संयोजक तोक्यो । प्रदेश भित्रका सबै जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका प्रमुख, पर्यटन व्यवसायी, नागरिक समाज सम्मिलित १५१ सदस्यीय आयोजक समिति गठन भयो ।

पर्यटन उद्योगलाई प्राथमिकतामा राखेर घोषणा गरिए पनि आन्तरिक पर्यटकका लागि नयाँ गन्तव्यको खोजी र पूर्वाधार विकासमा प्रदेश सरकारबाट पर्याप्त गृहकार्य हुन नसकेको पर्यटन व्यवसायीहरुको आरोप छ ।

पर्यटन व्यवसायीसँगको छलफल बिना सरकारले गरेको घोषणाले मात्र सोचे जस्तो उपलब्धि हासिल हुन सकेन, पोखरा पर्यटन परिषद्का अध्यक्ष चिरञ्जीवी पोखरेलले भन्नुभयो - घोषणा गर्नु र व्यवहारमै लागू हुनु फरक कुरा हो । घोषणा भएको सात महिनामा कार्यान्वयन समिति बनाइयो तर, त्यो समितिले अझसम्म कुनै योजना सार्वजनिक गर्न सकेको छैन, न त व्यवसायीबीच छलफल नै गरेको छ । यस समितिबाट पनि पर्यटन व्यवसायीले आशा गरे अनुरुपको काम हुने देखिएन ।

पोखरेलका अनुसार गण्डकी प्रदेशको राजधानी पोखराको लेकसाइडमा मात्र ५ खर्बभन्दा बढीको लगानी छ । अहिले जे जति पर्यटन प्रवर्द्धनका काम भएका छन् निजी स्तरबाट मात्र भएका छन् । निजी क्षेत्र सरकारलाई सहयोग गर्न तयार छ तर, सरकार व्यवसायीको कुरा सुन्दैन ।

आर्थिक सबलीकरण तथा रोजगारीको भरपर्दो माध्यमको रुपमा पर्यटन उद्योग रहेको भए पनि काम भन्दा कुरामा बढी अल्झिँदा पर्यटन क्षेत्रको विकास हुन नसकेको नाट्टा गण्डकीका अध्यक्ष सन्तोष पोखरेल बताउनुहुन्छ । उहाँले भन्नुभयो - सरकारले घोषणा गरेर मात्रै लक्ष्य हासिल हुँदैन । पर्यटन क्षेत्रका अनुभवी व्यक्तिलाई उपेक्षा गरेर व्यक्तिगत राजनीतिका आधारमा हुने साँठगाँठले पर्यटन क्षेत्रको विकास अब सम्भव छैन ।

दिगो र गुणस्तरीय पर्यटनको सन्देश दिन सरकार चुकेको छ, समय हुँदै सुतेर बस्ने र अन्तिम अवस्थामा सल्बलाउने परिपाटिको अन्त्य हुनुपर्छ, पोखरेलले भन्नुभयो - पर्यटक आउँदा घुम्न र बस्न चाहिने पूर्वाधारहरु के के हुन् रु कुन पक्षलाई जोड दिए पर्यटक आउँछन् भन्ने कुराको अध्ययन अझै हुन सकेको छैन । त्यही फेवाताल र माछापुर्च्छ्रे देखाएर मात्र पर्यटन प्रवर्द्धन हुन सक्दैन अब ।

आन्तरिक पर्यटन वर्ष घोषणा भएको सात महिनाको अवधिमा पर्यटकीय क्षेत्र लेकसाइडका होटलको अकुपेन्सी रेट जम्मा १०/१५ प्रतिशत मात्रै रहेकामा असन्तुष्ट होटल एशोसियशन अफ नेपाल ९हान० का अध्यक्ष विकल तुलाचन भन्नुहुन्छ - यसबाट अनुमान गर्न सकिन्छ पर्यटकको आगमनको अवस्था कस्तो छ भनेर । अहिले पोखरामा ७०० को हाराहारीमा पर्यटकीय होटल छन्, १२ हजार शय्या छन् । वार्षिक २७ लाख पर्यटक धान्न सक्ने क्षमता छ । एकजना पर्यटक बराबर ११ जनाले रोजगार पाउँछन् तर, यो क्षेत्रप्रति राज्यको सक्रियतालाई व्यवसायीले अनुभूत गर्न पाएको छैन ।

घोषणालाई पूरा गर्ने प्रतिबद्धता र सामूहिक जिम्मेवारी बोधका साथ काम भए लक्ष्य हासिल सम्भव हुने बताउनुहुन्छ हालै प्रदेश संयोजकका जिम्मेवारी पाउनुभएका गुरुङ । अब विशेष योजनाका साथ काम अगाडि बढाउँछौं, पर्यटन सम्बद्ध सबै सङ्घ संस्था र व्यक्तिका अनुभव र सल्लाह लिएर सन् २०२२ सम्मको लक्ष्य हासिल गर्छौं, उहाँले भन्नुभयो - एकीकृत ग्रामीण पर्यटन विकासका कार्यक्रमलाई समन्वयात्मक ढङ्गबाट अघि बढाउँदै पर्या-पर्यटन, हिमाल आरोहण, पदयात्रा पर्यटन सबै विषयलाई प्राथमिकतामा राखिने छ ।

यो प्रदेश तालतलैया र प्राकृतिक सम्पदाले भरिपूर्ण छ । विश्वमै अग्लो स्थानमा रहेको तिलिचो ताल, पवित्र भूमि मुक्तिनाथ, ढोरपाटन शिकार आरक्षका साथै विश्व प्रसिद्ध पदमार्गहरु यहाँ छन् । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले पोखरालाई सिधै विश्वका विभिन्न मुलुकसँग जोडे पछि गण्डकी प्रदेशमा पर्यटकको सङ्ख्या वृद्धि हुनेमा कुनै शङ्का नरहेको मन्त्रालयका पर्यटन महाशाखा प्रमुख कीर्तनराज पौडेल बताउनुहुन्छ ।

नयाँ संरचना, जनशक्तिको अभाव जस्ता कारण केही ढिलासुस्ती देखिए पनि तीन वर्षीय योजनालाई सफल बनाउन उहाँ कटिबद्ध हुनुहुन्छ । पौडेलका अनुसार आर्थिक वर्ष २०७५/७६ मा २ लाख ९९ हजार विदेशी पर्यटकले गण्डकी प्रदेशको भ्रमण गरेका छन् । अहिले आन्तरिक पर्यटकको तथ्याङ्क पनि सङ्कलन गर्ने तयारी भइरहेको छ । उहाँले भन्नुभयो - केही प्राविधिक कठिनाइहरु देखिएका छन् । अब त्यसलाई समाधान गरेर अगाडि बढ्छौं । प्रदेश सरकारले आर्थिक वर्ष २०७६/७७ मा प्रदेश मातहत रहेका कर्मचारीलाई स्वदेश भ्रमणका लागि बिदा दिने निर्णय गरेकाले पनि यसले भ्रमण वर्षलाई सघाउने विश्वास पौडेलको छ । प्रदेश सरकारले प्रदेशको पर्यटन विकास र सम्भाव्यता अध्ययन गरी स्थिति पत्र सार्वजनिक गरिसकेको छ ।

गण्डकीका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री विकास लम्साल पर्यटन प्रवर्द्धनमा हाल गण्डकी प्रदेशको ४० प्रतिशत भन्दा माथिको योगदान रहेको बताउनुहुन्छ । पोखराको लेकसाइड मात्रै पर्यटन क्षेत्र भनेर बुझ्ने परम्पराले अरु क्षेत्र ओझेलमा परेको तर्क मन्त्री लम्सालको छ । लेकसाइडका सीमित पर्यटन व्यवसायी हुनुहुन्छ जो वर्षौंदेखि आफ्नै मात्र स्वार्थ हेरिरहनुभएको छ । अरुको व्यवसाय सफल भएको देख्न नचाहनेहरु सधैं विरोधको भाषा बोल्छन् ।

मन्त्री लम्सालले भन्नुभयो - अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सँगै पोखरामा पर्यटकीय होटलहरु निर्माण भएका छन् । लगातार आइरहने पर्यटकसमेत अहिले बाँडिएका छन् । त्यसैगरी, होमस्टेमा समेत पर्यटकहरु गएका छन् । यसले लेकसाइडका होटलमा पर्यटकको सङ्ख्यामा केही ल्याएको हो । तैपनि तुलनात्मक रुपमा पर्यटक बढिरहेका छन् ।

हामी पर्यटन व्यवसायीलाई सहयोग गर्न तयार छौं, बाहिर विरोधको बाजा बजाएर भन्दा सहकार्यबाट उपलब्धि हासिल हुन्छ, आउनोस् साझा उद्देश्यमा साझेदारी गरौं, सरकार हरहमेशा पर्यटन मैत्री बनेर अगाडि बढ्न तयार छ, निजी क्षेत्रसँग सहकार्यका लागि आग्रह गर्दै उहाँले भन्नुभयो ।

पर्यटन बृहत् विषय भएकाले कुनै सानो भौगोलिक क्षेत्रभित्र सीमित रहेर मात्रै विश्लेषण गर्नु न्यायोचित नहुने उहाँको तर्क छ । मन्त्री लम्सालका अनुसार प्रदेशका ११ वटा जिल्लामा ११० वटा पर्यटकीय गन्तव्यको पहिचान भइसकेको छ । पर्यटकीय स्थलको तस्वीर प्रदर्शनी, होमस्टेको प्रवर्द्धन लगायतका गतिविधिहरु भएको पछिल्लो अफ सिजनको महिनामा मात्रै झण्डै सात हजार विदेशी पर्यटक आएको दाबी उहाँले गर्नुभयो ।

# दियालो परिवारको ४५औं साधारणसभा सम्पन्न

चितवन । दियालो परिवार नारायणगढ, चितवनको ४२औं साधारणसभा यही २०७६ श्रावण २५ गते सम्पन्न भएको छ ।

संस्थाको गतिविधि र वर्षभरको कार्यक्रमको बारेका प्रकाश पार्दै कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको अवसरमा संस्थाका संस्थापक अध्यक्ष एवं भूपू अध्यक्ष बद्री प्रसाद अधिकारीले संस्थाको स्थापनाकालदेखि वर्तमान अवस्थासम्मको संस्थाको चित्रण गर्नुभएको थियो । उक्त अवसरमा संस्थाका संस्थापक सदस्य कृष्ण कुमार श्रेष्ठ, संस्थाका वर्तमान सल्लाहकार एवं भूपी अध्यक्ष केदारनाथ खनाल, लालकुमार श्रेष्ठ र राजेन्द्र कुमारको उपस्थिति रहेको




उक्त कार्यक्रममा गैसस महासंघका जिल्ला अध्यक्ष एवं दियालो पविारका भूपू अध्यक्ष सुरेश कुमार अधिकारीको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा संस्थाको कार्य प्रगति प्रतिवेदन सचिव ईश्वरी प्रसाद पण्डित र आय व्यव एवं आर्थिक प्रतिवेदन कोषाध्यक्ष रवि प्रधानले प्रस्तुत गर्नुभएको थियो ।

सभामा सम्पूर्ण सदस्य एवं नव आगन्तुक सदस्य समेतको सहभागीता रहेको उक्त कार्यक्रमको अध्यक्षता का.वा. अध्यक्ष रसिक प्रधानले गर्नुभएको थियो भने कार्यक्रम संचालन संस्थाका कार्यकारी निर्देशक राजगोविन्द सिल्पकारले गर्नुभएको थियो । आगामी दिनको भावि राजनीतिक कार्यक्रमका लागि संस्थाका भूपू अध्यक्ष, कार्य समिति र निर्देशक समिति मिलेर कार्ययोजना बनाउने जानकारी गराइएको थियो ।

# मौलाउदै गरेको विकृती नियन्त्रण गर्ने दिशातर्फ जानुपर्छः मन्त्री अर्याल

काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले वित्तिय संस्थामा मौलाउदै गरेको विकृति नियन्त्रण गर्ने दिशातर्फ जानुपर्ने बताउनुभएको छ । स्वावलम्बन विकास केन्द्रको २८ औं वार्षिकोत्सब तथा उद्यमशीलता विकास पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अर्यालले त्यस्तो बताउनुभएको हो ।

लघुवित्त संस्था र सहकारीको प्रकृती उस्तैउस्तै भएको भन्दै मन्त्री अर्यालले संस्था ठूलो बन्दै जाँदा झन राम्रो हुनुपर्नेमा केही समस्याहरु उत्पन्न हुदै गएको बताउनुभयो । तर त्यसलाई सिस्टमबाटै नियन्त्रण गरिने बताउनुभयो । ‘संस्था ठूलो भएपछि र हाम्रा मानसिकताहरु विकृत बन्न थालेपछि विधि, विधानले नै समात्ने हो । त्यो भन्दा अर्को विकल्प नै छैन’, मन्त्री अर्यालले भन्नुभयो, ‘अब सिस्टमबाटै समस्या ति समस्याको समाधान गर्ने हो । हामीले अवलम्बन गरेका विधिविधानमा केही समस्या छ भने त्यसलाई सच्याउ ।’

आजको धेरै संरचनाहरु निर्माण भइरहेको अवस्थामा हिजो भन्दा कडा खालका विधि बनाएर नियम बनाएर संस्थाका मान्छेको आचरण सुधार गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, ‘संस्थालाई पारदर्शी बनाउने र मौलाउदै गरेको विकृति नियन्त्रण गर्ने दिशामा हामी जानुपर्छ ।’

सरकारले अहिले सहकारीको समस्या समाधान गर्न लागिरहेको भन्दै उहाँले सहकारीलाई बेलैमा नियन्त्रण नगरिएमा भयानक दुर्घटनाको खतरा रहेको संकेत गर्नुभयो । ‘सहकारीलाई अब साँच्चिकै नियन्त्रण नगर्ने हो भने दुई वर्ष पछि भयानक दुर्घटनाको संकेत देखा परेको छ’, उहाँले भन्नुभयो, ‘यसलाई अब नियन्त्रण गर्नुपर्छ । हामीले केही कोशिस सहकारी नियमावलीमार्फत गरेका छौ ।’ मन्त्री अर्यालले सचेत हुनुपर्ने अवस्था आएको बताउनुभयो ।

एउटा मान्छे धेरै संस्थामा बस्ने समस्याको नियन्त्रण अब सिस्टमबाटै गरिने उहाँको भनाइ थियो । सहकारी कर्जा कोष यस अघि नै भाषण धेरैपटक भएपनि अब व्यवहारमै लागु हुनेगरी कार्यान्वयन गरिने उहाँले बताउनुभयो । नियमावलीमा सहकारीको कर्जा सुरक्षा कोष केन्द्रको स्थापना गरिएको बताउदै त्यमार्फत अहिले भइरहेको विकृतिको अन्त्य गर्न सहयोग पुग्ने बताउनुभयो । ‘सिस्टम सफ्टवेरले एउटा सहकारी संस्थामा बदमासी गरेर त्यहाँ पुरै गिरेर पतित भएर ठाउँ परिवर्तन गरेर फेरी सहकारी संस्थाको मालिक भएर त्यस्तै खालको गतिविधि गर्ने प्रवृतिको अन्त्य हुन्छ’, उहाँले भन्नुभयो ।

मन्त्री अर्यालले मन्त्रालयले अहिले गरिब पहिचानको काम भइरहेको भन्दै अब गरिब पहिचानमा पनि प्रविधिको प्रयोग गरेर समस्या उत्पन्न नहुनेगरी काम सम्पन्न गरिने बताउनुभयो ।

त्यस अवसरमा मानसी लघुवित्त वित्तीय संस्था काभ्रेलाई नगद एक लाख सहित यस वर्षको लघु उद्यमशीलता विकास पुरस्कार प्रदान गरिएको थियो ।

# मेरा जिन्दगीका अनुभवहरु–८

सन् २९७८ देखि १९८२ सम्म मैले मेजर हाइड्रो डिभिजनको चीफ भएर काम गरे। विश्व बैक र जापानी सहयोगमा कुलेखानी आयोजनाको निर्माणको लागि काम अगाडि बढाइएको थियो। टेनल बनाएर पावरहाउस बनाइएको यस प्रोजेक्टबाट ७० मेगावाट विद्युत उत्पादन गर्ने हाम्रो योजना थियो।

भारतले पनि कर्णाली बहुमुखी योजनाको सर्बे गरिसकेकाले त्यसको कार्यान्वयनको लागि भारतसँग कुरा गरेर काम गर्नुपर्ने आवश्यकता थियो। भारतले त्यसको डिजेल कुरा अगाडि ल्याएपछि मैले नै धेरै पटक भारतसँग कुराकानी गरे।

भारतले पनि कर्णाली बहुमुखी योजनाका सर्बे गरिसकेकाले त्यसको डिजेल कुरा अगाडि ल्याएपछि मैले नै धेरै पटक भारतसँग कुराकानी गरे।

भारतसँगको कुराकानीमा मैले हामी नेपालीहरुको धेरै नै कमी कमजोरी हुने गरेको मैले अनुभव गरेको छु। नेपालीहरुको अध्ययनमा कमी भएकाले भारतीयहरुले आफ्ना कुराहरुमा मात्रै जोड दिने गर्छन्। हामीलाई त्यो समयमा निकै दबाब थियो। नेपालको दरबार शक्तिशाली नै थियो। हामीलाई त्यो समयमा दरबारबाट पनि पोलिसी फर्मेशनमा भारतलाई प्राथमिकता नदिने र उनीहरुको एग्रेसिभनेशलाई रोक्ने खालको निर्देशन आएकाले त्यसै आधारमा हामीले भारतसँग कुराकानी गरियो। तर नेपालको जलश्रोतको विकासमा राजनीतिक डिल ने प्रमुख हुने गरेको छ।

नेपालको कोशी सम्झौता पनि भारतले नेपाललाई हेपेर आफ्नो तर्फ नै पारको थियो। नेपालको भन्दा बढी विद्युत खपत पनि भारतले नै गरेको छ। हामी नेपालीहर कोशीमा पनि ठगिएका छौं। सिचाईको सुविधा पनि भारतले नै लिएको छ। हामीले पाउने पावर पनि पाएका छैनौं। सम्झौतामा उल्लेख गरिएको सुविधा पनि नेपालले पाएको छैन। भारतको राखेको जेनेरेटरले काम नगरेपछि भारतबाटै विद्युत दिने भन्ने सम्झौता भएको थियो तर त्यो सम्झौता कार्यन्वयन भएको देखिएन।

राजा महेन्द्रले कोशीको शीलान्यास हुदाँ भारता प्रधानमन्त्री जवाहारलालनेहरलाई बोलाएर कुराकानी गरेका थिए। भारत र नेपालबीच भएको कोशी सन्धिमा हेरफेर गर्न लगायतका थिए भने गण्डकमा पनि सुविधाहरु बढाउन लगाएका थिए।

भारतले नेपालको जलश्रोतमा आँखा लगाएको थियो र अहिले पनि छ। दुई देशवीचको सन्धि भनेपछि उसले आफुलाई मात्र फाइदा पुग्ने काम गरेकोमा नेपालभित्र त्यसको विरोध भएको थियो। भारतीहरुमा त्यस्तो खालको प्रवृत्ति पहिलादेखि नै कायम रहेको थियो।

सन् १९८० मा भारत International congress on High Dam विषयमा कन्फरेन्स भयो। त्यो कन्फरेन्समा सहभागी हुन नेपालबाट हाम्रो सानो डेलिगेसन टिम त्यहाँ गएको थियो। संसारका ठुला कम्पनीहरुको प्रतिनिधिहरुको पनि त्यो सम्मेलनमा उपस्थित रहेको थियो। हामीले त्यो कन्फरेन्समा हाम्रो सरोकारको विषयलाई उठाएका थियौं।

केही समयपछि International symposium on water resource development भन्ने अर्को कन्फरेन्स भयो। जलश्रोत कस्ता खालका विकास भइरहेका छन् र के यसको लागि के गर्न आश्वयक छ ? जस्ता विषयहरुको बारेमा त्यस कार्यक्रममा छलफल भएको थियो। मैले त्यो कन्फरेन्समा सहभागी हुन मौका पाएको थिए।

भारतले जलविद्युतको विकासमा निकै ठुलो प्रगति गरिसकेको थियो। उनीहरुले निर्माण र उत्पादन लागि ठुला संस्था स्थापना गरिसकेको थियो। भारतले जलश्रोतको विकासको लागि आवश्य सबै खालका पूर्वाधारहरुको निर्माण गरिसकेको थियो। उनीहरुको डिजाइन, कन्ट्रायाक्टर लगायतका पूर्वाधार निकै उच्च हिसाबले बनाइएका थिए। हाम्रो नेपाली पक्षमा भने अनुभव पनि कमी थियो। हामीमा दक्षता कमी पनि थियो।

हाम्रो अर्को विद्युत कुलेखानी प्रोजेक्ट कोरियन ठेकेदार कम्पनीहले निर्माण गरेको थियो। वास्तवमा यो राम्रो बनेका थियो। नेपालमा बनेको यो ड्याम र टनेल हेर्दा निकै रमाइलो लागेका थियो। कुलेखानीको बोर्डमा पनि मलाई सदस्यको रुपमा राखिएको त्यसको बारेमा जानकारी लिने मोका पाएँ। त्यही मौकामा भारतका जलश्रोतमन्त्री डा. केएल रावले नेपालका जलश्रोतमन्त्री रविन्द्रनाथ शर्मासँग कुराकानी गर्नको लागि बोलाएका थिए। मन्त्री शर्माले त्यो टिममा चिफ इन्जिनियर शंकरकृष्ण मल्ल र म सहभागी थियौं।

भारतीय मन्त्रीले हाम्रो कुराको औपचारिक शुरुवात नहुँदै नेपालको लागि देवीघात प्रोजेक्ट गरिदिने बताए। वास्तवमा हाम्रो चाहना पनि यही थियो। उनले नेपाल र भारतले ठुलो ठुलो विद्युत पोजेक्ट गर्न सक्ने भएकाले नेपालको दरबारलाई राम्रो बिफिङ गर्न सल्लाह पनि दिएँ। भारतले नेपालमा ठुलो प्रोजेक्ट गर्न चाहेो र त्यसको लागि अन्य विदेशीहरुको आवश्यकता न पर्ने उनको भनाई थियो। भारतीय मन्त्रीले तत्कालीन अवस्था निर्माण हुँदै गरेको दक्षिण भारतको पर्यटकको एउटा ड्यामको निरीक्षण तथा भ्रमणको लागि हामीलाई व्यवस्था मिलाइदिए।

पञ्जावको हरियाली र त्यो मनोरम वातावरणले हामीलाई निकै आकर्षित पारको थियो। त्यतिबेला। त्यो पावरहाउसले हरियाली क्रान्ति र विजुली उत्पादनमा गरेको कार्यले निकै राम्रो प्रभाव पारेको थियो। कर्णाटकमा बन्दै गरेको निरीक्षण तथा त्यहाँको बारेमा जानकारी दिएर हामी दिल्ली हुँदै काठमाडै आयौ।

त्यतिबेला सम्म भारतको विकाशक्रम निकै अगाडि बढेको थियो। भारतमका नै पढेको हुनाले त्यहाँको बारेमा मलाई जानकारी थियो। तर केही वर्षको अन्तरालमा भारतले गरेको प्रगति वास्तवमा निकै नमूनायेग्य भएको रहेछ। गाउँगाउँमा पनि खेतीपातिको लागि सिचाइको राम्रो व्यवस्था भएको तथा सानातिना उद्योगधन्दको समेत विकास भइसकेको हुनाले भारतको विकास कार्य द्रुतगतीमा अगाडि बढेको थियो। समाज पनि विकासको क्रममा निकै अगाडि बढेको तथा त्यहाँको प्रजातन्त्र पनि आन्तरिक रुपमा निकै बलयो भएको थियो। माथिल्लो तहका नेताहरु देश र जनताप्रति इमान्दार भएकाले त्यहाँको विकासक्रम र समाजिक मूल्य मान्यता निकै रुपमा अगाडि बढेको थियो।

अध्ययन गर्ने बानी भएकोले अध्ययन अनुसन्धान आदिमा पनि ध्यनान पहिलेदेखि नै थियो। योगसाधनाले पनि मलाई अध्ययनमा निकै सहयोग गऱ्यो। धर्मसंस्कृति,


सूर्यनाथ बास्तोला

योगसाधन, भौतिक विज्ञान आदिको दिएको ज्ञान आदिलाई पनि मैले आफ्नो हितको लागि प्रयोग गरे। सबै कुराको अध्ययन गर्दा ज्ञबल त्तगभकत ।यच उचयनचभकक बलम उचयकउभचष्तथ प्रकाशित गर्ने विचारले त्यसको लागि आवश्यक सामाग्रीहरको संकलन गर्न थाले।

समय भएको बेलामा गौरी शंकरजीसँग अरुणस्वामीको नागार्जुनमा योगसाधनहरु गरे। अरुण स्वामीले ओशोको निकै राम्रा र गहकिला प्रवचनहरु दिनुहुन्थ्यो।


आशोले संसारका आध्यात्मिक र भौतिक लगायतका कुराहरुको अध्ययन गरेर संसारैभरी आधुनिक युगलाई चाहिने आवश्यक किताबहरु प्रकाशन गरे त्यसको राम्रो प्रचारप्रसार गरेका छन्। आशोले पहिले भारतमा र त्यसपछि अमेरिका आफ्नो शिक्षाको बारेमा अभियान संचालन गरेका रहेछन्। आशोको यो अभियान सारा संसारभर फैलियो। त्यसैगरी हरेकृष्ण अभियान पनि संसारभर फैलाउने काम भयो।

फुर्सद भएको बेलामा ठुलाठुला महात्मा, दार्शनिक र योगीहरुको संगत गर्ने तथा उनीहरुको प्रवचन सुनेर मनलाई आनन्द पार्ने र योगसाधन गर्ने बानी भयो। यही क्रममा ओशो मैत्रीयले बालुवाटारमा संचालन गरेको ओशो वाटिका भन्ने स्थानमा जाने गर्न थाले। त्यहाँ ओशोको समर्पण र वाचना गर्न भारतबाट समेत ओशो धारका प्रख्यात गुरुहरु ओशो धारा, ओशो शैलेन्द्र, ओशो प्रिया आदि आएर प्रवचन दिनुहुन्थ्यो। त्यसकारण त्यो बाटिका संचालन हुने आध्यात्मि प्रवचन तथा ध्यान समाधिहरमा मेरा संलग्नता भयो। क्रमशः

## कविता/गजल

### मित खोज्ने धुन

**रामनाथ अधिकारी**



श्रीमतीले सोधिन मलाई -एउटा कुरा भन्छु ,
मैले भने -कुरा के हो ? सक्ने भए गर्छु।
उन्ले भनिन् -मित लाउनु पर्छ एउटा संग,
मित लाउने कुरा सुन्दा भएँ म त दंग।

इष्ट-मित्र आफन्त संग लाउनु हुन्न मित,
यस्तो मित हुनु पर्छ जसले गर्छ हित।
हित गर्ने मित खोज्न डुलें सहर वजार,
गाउँ,वेंशी ,तराई,पहाड़ घुमें ठाउँ हजार।

सोच विचार गरी बसें मन डुलाई डुलाई,
हण्डर खाएँ दिक्क भएँ कहीं मित नपाई।
खोजी गर्दै जाँदा भेटें कृष्णे कालेलाई,
गोपिनीका घर गोठ गई दही चोर्नेलाई।

देवकीको छोरो भन्थे यशोदाको लालो ,
आफ्नै साख्य मामा मार्ने कृष्णे भन्ने कालो।
हित गर्ने मित खोज्दा मखन चोर पाएँ,
चोरले हित नै गर्ला भनि मैले मित लाएँ।

### गजल



गणतन्त्र आयो देशमा, डराउछौ किन ?
सके गरि देखाउ अब, कराउछौ किन ?

नातावादी कृपावादी भ्रष्टाचारी ढाल्देउ,
इष्टमित्र चाकर गर्ने, चराउछौ किन ?

आफ्नै देशको पानी खानी, उपयोगी छ है,
जापान अमेरिका तिरै, हराउछौ किन ?

यस्तो गर्दा त उस्तो हुन्थ्यो, मुख मात्र चल्छ,
आफु सिन्को नभाचने, अराउछौ किन ?

गाउँ खाली शहर भरि, युवा विदेशमा,
घर्को काम बुढा बालाई, गराउछौ किन ?

**दुर्गा अधिकारी भमरकोटे।**

### भ्रष्ट सभासद कि कूलमान

**कृष्ण बहादुर बोगटी काका**

भारतको मोदिले नेपालीलाई माऱ्यो
नेपालको मोदीले तेही कदम अघी साऱ्यो।
भ्रष्टाचारी मोदी नै हो कुलमान हैन
मोदीलाई जनताले ठिक नपारी भैन।

देशै अध्याँरो हुँदाखेरी मोदी कहाँ थियो।
जनताले सुख पाउँदा उसलाई टाउको दुख्यो।
नेता मन्त्रि पार्टिका झोले भन्दा कुलमान भ्रष्ट भयो।
मोदीको कुरा सुन्दा जनता दुखी भयो।

मोदिले व्यापारीसंग मिलोमतो गऱ्यो।
त्यसैकारण देश बचाउनेलाई आरोप लाउनै पऱ्यो।
राम्रो काम गरी देखा नेपालको मोदी
जनताले भरी दिन्छन रे तिम्रा गोजी

राम्रो काम गर्नेलाई किन खैरो खन्ने
काम गर्न नसक्ने मोदीलाई किन नेता भन्ने।
जनतलाई १८ घण्टा अध्याँरो पर्दा मोदी कहाँ थियो।
जनताले सुख पाउँदा किन टाउको दुख्यो।

सतीले सरापेको देश भन्थे हेर
राम्रो काम गर्ने को खुट्टा तान्छन फेर
भ्रष्टाचारी कुलमान कि नेपालको मोदी
सारा जनताले गर्नु पर्छ सत्य को नै खोजी

**धुम्बाराही –४, काठमाण्डौ, हाल चक्रबहिल –१२, ललितपुर**

## पुस्तक चर्चा

# ताराको कविता सङ्ग्रह "प्रिय छोरी"


**तेजप्रकाश बानियाँ**
**पूर्व सहायकरथी**


२०७६ साल आगमनको पूर्व सन्ध्यामा गत बैशाख १४ गते शनिवारका दिन साहित्यकार तारा के.सी.ले आफ्नो माइती गाउँ कोआफू पढेको विद्यलय श्रीखण्डपुर मा.वि. धुलिखेलमा वृहद् समारोह आयोजना गरी उहाँको चौथो कृति "प्रिय छोरी" कविता सङग्रह बिमोचन गराउनु भयो। बडो सभ्य र भव्यताकासाथ आयोजना गरिएको उक्त समारोहमा काठमाडौं र काभ्रेका साहित्यकारहरू, विद्यालय परिवार एवं आफन्तहरूको चाहिदो उपस्थिति थियो।

संसाक मासिकले बजारमा ल्याएको उपयुत्त साइजको यो पुस्तक बारे केही लेखिदिनकालागि अनुरोध साथ मेरो हातपऱ्यो। कविताहरूपढें। पुस्तकको शुरुआतमा डा. सैलेन्दुप्रकाश नेपालले भूमिकाको रूपमा"गम्भीर कवित्वको प्रवाह"शीर्षकमा प्राय कविताको विश्लेषण गर्नुभएको छ। यसैगरी गीता त्रिपाठीले "अँध्यारा गुफाभित्र उज्याला टुकीहरू" शीर्षकमा साहित्य र मानव सम्बन्ध,कविता र जीवनको मर्म, साहित्यले मानव जीवनमा पार्न सक्ने प्रभाव आदि कुराको स्पष्ट व्याख्याका साथै सिर्जनशील गति भएका व्यक्तिहरूले सामाजिक परिवर्तनलाइ आत्मसाथ गर्न सक्नुपर्छ भन्नुभएको छ। तत्पश्चात् तारालाई स्कुलदेखिनै पढाउनु भएका शिक्षक डा धनेश्वर भट्टराईले "प्रिय छोरीमाथि एक प्रक्षेपण" शीर्षकमा पुस्तकमा भएका ओजपूर्ण कविताहरूको विश्लेषण गर्नुभएको छ।

मन्तव्यकै क्रममा स्कुलकालदेखिका सखा सन्दीप के.सी.ले "शुभकामना" शिर्षकमा बाल सखी तारालाई साहित्यिक यात्रामा पाइला राख्न सफल भएकोमा शुभकामना दिदै भविष्यमा पनि अनवरत रूपमा लागिरहन हौसला प्रदान गर्नुभएको छ। अन्त्यमा कविले आफ्नो भनाइमा केही शब्दहरू व्यक्त गरी यो पुस्तक तयार गर्न सहयोग गर्नेहरू प्रति आभार व्यक्त गर्दै यो क्रम समापन गर्नुभ एको छ।

प्रस्तुत कविताहरू सरल, सरस र स्तरीय छन्। कविलाई आफ्नो देशको माटो, हावापानी, नदीनाला, झरना, उकाली ओराली, चौतारी, देउराली, भञ्ज्याङ,हिमाल, पहाड, तराई जस्ता प्राकृतिक सुन्दरता सारै मन परेको छ।

नेपाललाई जान्न उपत्यकाका तीनजिल्ला घुमेरमात्र जानिन्न। उपत्यका बाहिर विकट ठाउँमा गएपछि त्यहाका जनताले भोग्नु परेको दःुख, दर्द र पीडा देख्न सकिन्छ। देशमा जतितन्त्र फेरिए पनि सर्व साधारण जनताको हालत उस्तै छ। नेताहरूलाई परवाह छैन,चुनाव जितेपछि कमाउ धन्दामैं तल्लीन भई गाउँलाई बिर्सन्छन्। यस्ता अनेक खाले विकृति देखि कवि वाक्क हुनुहुन्छ। त्यसै भएर होला ताराजीका धेरैजसो कविता




ग्रामिण परिवेशमा लेखिएका छन्। कवितामा गाउँका उर्जाशील युवाशक्ति लाई उज्वल भविश्यको सुन्दर सपना बोकेर विदेशमा भागदौड, कोलाहल र तनावपूर्ण जीवन लिएर रातोदिन काम गर्दा पनि वाकसमा प्याक भएर स्वदेशमा फर्कनु भन्दा आफ्नै गाउाँ घरको बाँझो रहेको खेतवारी खनजोत गरी वृद्ध बाबुआमाको हेरचाह गर्दै बालबच्चा हुर्काउन आह्वान गर्नुहुन्छ।

ताराले कुशल गृहिणीको भूमिका समेत पूरा गरेर साहित्य साधनाको साथै विभिन्न संघ संस्थामा कार्यरत रहदै आउनु भएको छ। उहाँसाह्रै मिहिनेती हुनुहुन्छ। उहाँका चारगोटा कृति प्रकाशित भई सकेका छन्। व्यस्तताका वावजुद पनि बेला बेलामा साहित्यिक कार्यक्रमहरूमा भागलिन भ्याउनु भएको छ। यसैक्रममा विभिन्न संघ संस्था एवं प्रतिष्ठानहरू बाट नगद पुरस्कार तथा सम्मानहरू प्राप्तगर्नु भएको छ। पत्रिकामा उहाँका फुटकर लेख रचना प्रकाशित भैरहेका छन्। यस अगाडि प्रकाशित रोचक बालकथा 'फिन्को र टोरी' पनि मैले पढ्ने अवसर पाएको थिएँ। नेपालको ग्रामिन परिवेश र वास्तविक नेपालको अवस्था जान्न चाहने सबै उमेरका पाठकका लागि यो पुस्तक पठनीय छ।

नेपाली साहित्यमा कविता, गीत, मुक्तक, गजल, कथा, उपन्यास, समालोचना, शुभकामना आदि विधामा कलम चलाउने तारा के.सी, साहित्यको फाँटमा उदाउँदै गरेको चम्किलो ताराकै रूपमा देखा पर्नु भएको छ।मैले यो पुस्तक अध्ययन गर्दा सानातिना त्रुटिहरू औंल्याउने मनसाय गरिन। यस्ता त्रुटिहरू अभ्यास गर्दैजाँदा सुध्रिदै जाने छन्। अवका दिनमा नयाँ कृतिहरू बजारमा आँउदा कमी कमजोरी परिमार्जन भएर आउन सकून् र नेपाली राहित्यको स्तर वृद्धिमा उहाँबाट योगदान भइनै रहने छ, भन्ने आशाका साथ शुभकामना प्रकट गर्दछु।

*कृतिः- कविता सङ्ग्रह*
*स्रष्टाः- तारा के.सी.*
*प्रकाशकः-संसाक मासिक*
*मूल्यः-२००।-*

## खोक्रो ...

मुख्य ढोकाहरु बन्द गरिदिँदा नेपालतर्फ बाँध खोलेर धनजनको क्षति पुऱ्याएको थियो ।

२०१७ सालमा स्व. राजा महेन्द्रले गरेको एकतन्त्रीय राष्ट्रवादले गरेको २० वर्षे शासनकालमा भने केही हदसम्म नेपालको भौतिक पूर्वाधार उद्योगहरुको स्थापना गरेको देखिन्छ । त्यसपछि पुनः २०३६ सालमा पञ्चायतकालमा भए गरेका अभ्यास आफ्नै खालका मनगढन्ते र हचुवाको भरमा गरिएका कामहरुले सबै पञ्च जनता सबै जनता पञ्च चन्ने नारा सफल भएको देखिँदैन । २०४६ सालमा अर्को खालको राष्ट्रवादको नारा जोडेर भारतीय विस्तारवादको विरोध गर्ने कम्युनिष्ट पार्टी जसको जन्म भारतमा घोषणा गरेको र नेपाली काँग्रेसको स्थापना पनि भारतमा नै गरेको पार्टीहरुले अर्को राष्ट्रवादको रटान र अलाप शुरु गरेको देखिन्छ । होला त भनेर त्यतिबेलाका जनताले पत्याए । २०४७ सालमा एउटा शक्ति निर्माण भयो जसलाई विपीले राष्ट्रिय मेलमिलापको नारा पनि दिए तर २०४६ सालको आन्दोलन पछि २०४७ सालमा संवैधानिक राजतन्त्र सहितको प्रजातन्त्र जसलाई बहुदलीय व्यवस्था भनिएको छ । जसलाई उदारवादी नीतिले व्याख्या गरिन्छ त्यो २०४७ सालको राष्ट्रवाद र भनिएको परिवर्तनले महेन्द्रकालमा स्थापना भएका उद्योग, कलकारखाना निजीकरण गर्दै केही मात्रामा भए पनि नेपालीलाई रोजगार दिइरहेका उद्योगहरु समाप्त पारेको देखिन्छ । त्यस्तो खालको बहुदलीय व्यवस्था नेपालले पाएको थियो । बहुदलीय व्यवस्थाको ५ वर्ष पुग्न नपाउँदै २०५२ सालमा भारतीय विस्तारवाद मुर्दावाद नारासहित ४१ बुँदे माग राख्दै जनयुद्ध लड्न जंगल पसेका माओवादी नेताहरु राष्ट्रवादको नारा लगाउँदै कताकताबाट बेलाबेलामा पत्रपत्रिका र एफएममा समाचार, तिनीहरुका लेख रचना आउँथे नेपाली जनतालाई लाग्थ्यो ती त वास्तविक राष्ट्रवादी हुन् भनेर सोच्दै गाउँतिर आउने ती सोझा सिधा माओवादी कार्यकर्तालाई सित्तैमा खान ख्वाउने देखि लुकाउनेसम्म जनताले सहयोग गर्थे भारतीय विस्तारवाद विरुद्ध सुरुङ युद्ध घोषणा गर्ने माओवादी पार्टीका नेता भारतको विभिन्न सहरबाट कोही पक्राउ परे कोही खुलेआम भारतमै हिँडिरहेको देखेपछि नेपाली जनता चकित परे । माओवादीको राष्ट्रवाद त्यसरी प्रकट भयो र हतारहतारमा अर्को नाटक मञ्चन गर्दै जनताले सत्य कुरा थाहा पाउने भए अब अप्ठ्यारो पर्ने भयो भनेर आठदलको बैठक भारतको दिल्लीमा सम्पन्न गरे । भारतमा बसेर भारतलाई गाली गर्ने नेपालमा त्यो मुद्धा बनाएर अस्थिरता ल्याउने राष्ट्रवादको नकाप त्यहाँ पनि उतारियो ।

त्यो अवस्था सम्म आइपुग्दा हाम्रा उद्योग सबै रुग्ण भइसकेका थिए । भारतीय मुलका मानिसले चलाएकालाई माओवादीले कतै पनि आक्रमण गरेको देखिँदैनथ्यो भने नेपाली नागरिकले चलाएका उद्योग, सरकारी कार्यालय, नेपाल राष्ट्रको सञ्चार नेपाल टेलिकमको टावर, बर्षौवर्ष लगाएर बनाएका पुल, हस्पिटल, गाविस भवन, स्कूलहरु बम पड्काएर ध्वस्त पारिएका थिए भने मानवीय क्षति र अङभङको कुरा सम्झदा आङ जिरिङ हुने खालको वातावरण बनेको थियो । त्यतिबेलासम्म माओवादीको जनयुद्धको राष्ट्रवादले गाउँका कुना कुनामा खेती लगाएर जसोतसो नेपाल राष्ट्रको प्रतिष्ठा जोगाएका र आफै स्वाभिमानी भई बाँचेका नेपालीहरु लखेट्दै लखेट्दै कोही सदरमुकाम कोही मोफसलको शहरमा कोही काठमाडौं राजधानी त १८ वर्षदेखि ४० बर्षभित्रका दक्ष जनशक्ति चाहिँ बिदेश पलायन भइसकेका थिए । यसरी परनिर्भरतातर्फ धकेल्ने गरी गराइएको राष्ट्रवादले नेपाललाई झनै उद्योगतितिर लगेको देखिन्छ भने त्यो २०४७ सालबाट २०६२ साल मंसीर २ गतेसम्म १५ वर्ष एकछत्र राज गरेको बहुदलीय व्यवस्थाले बहुदलका अगुवाहरुका छोराछोरी विदेशमा महँगा स्कुल कलेजमा पढाउन सक्ने बनिसकेका थिए तर गाउँमा अभावमा बाँचेका गरिबका छोराछोरी औषधीको अभावमा मृत्यु व्यहोरी रहेका थिए । यस्तै खालको राष्ट्रवादले गिजोली नेपाललाई चिथोरी राख्यो । २०६४ सालको संविधानसभाको निर्वाचनपछि फेरी प्रधानमन्त्री फेर्ने पालो पुऱ्याउनुपर्ने कहिले कुनलाई उचाल्ने, कहिले कुनलाई प्रयोग गर्ने नियतले संविधान बनाउन ९ वर्ष लाग्यो जबकी विश्वमा ५ वर्षमा एउटा कार्यकाल पूरा हुन्छ त्यो कार्यकालभित्र त्यो देशभित्र मानवीय सूचांकदेखि भौतिक पूर्वाधार, औद्योगिक व्यापार लक्ष्य भेटाउन काम र योजना लगायत कामहरु सम्पन्न गर्छन् । हाम्रो नेपालमा सधैं यो व्यवस्था भएन त्यो व्यवस्था भएन यो राष्ट्रवादी त्यो राष्ट्रघाती भनेर आफ्नै देशलाई कमजोर बनाउने र पटक पटक पञ्चायतकालदेखि गणतन्त्र स्थापना भइसक्दा समेत तिनै पात्रहरु दोहोऱ्याई रहनुपर्ने, दोहोरिरहने चलन हाबी छ । किनकी ती नेताहरु सबैको राजनीतिको मुहान पार्टीको स्थापनाकालदेखि नै भारतमा भएको थियो ।

यो बीचमा भौतिक संरचनाहरु कहिँकतै राष्ट्रिय योजनाहरुले पूर्णता पाएनन् । राणाकालीन अवस्थामा नै फर्पिङ र सुन्दरी जलविद्युत उत्पादन गरेको देश नेपाल आज लोडसेडिङ कम गर्न भारतबाट विजुली किनेर बाल्नुपर्छ ।

त्यसैगरी २०७२ सालमा बनेको नयाँ संविधान जारी भयो । भारतको विहारी मोडलमा भारतको डिजाइनमा बनाएको संविधान अरु जनताले थाहा पाउँछन् भनेर हतारहतार भारतले असन्तुष्टि पोखेको नाटक गरेको थियो । नेपालमा अस्थिरता निम्त्याउने कुनै बहाना नहुन सक्छ भन्ने सोचेर नाकावन्दी समेत लगाएर दुःख दिने काम भयो जुन बेलामा नेपालमा सुत्केरी, बालबालिका, बृद्धबृद्धा बेलैमा औषधी र समयमा एम्बुलेन्स सेवा नपाउँदा मृत्यु व्यहोर्नु पऱ्यो ।

२००७ सालमा अलापिएको राष्ट्रवादले अठोट राखेर नेपालाई ५ वर्ष वा १० वर्षभित्रमा सबै यातायात विद्युतबाट चल्ने बनाउँछु र त्यो बराबरको विद्युत उत्पादन गरेर विश्वको सस्तो विजुली दिएर उद्योग खोल्छु र सबै नेपालीलाई रोजगार दिलाउँछु भन्ने अठोट गरेको भए त्यस्ता भारतीय नाकावन्दी के अमेरिकाले उत्तर कोरियालाई लगाएको नाकावन्दी जस्तो परिस्थिति पनि नेपाल चट्टान जस्तो दह्रो, पूर्णिमाको चन्द्रमा जस्तो अटल भएर अडान लिएर प्रतिरक्षा गर्न सक्थ्यो । प्रतिरक्षाको लागि नेपाली सेनाको आफ्नै हतियार उत्पादन गर्ने उद्योग, युद्धपोतहरु, फाइटरहरु, क्षेप्यास्त्र, हेलिकप्टर, आफ्नै टेक्नोलोजि हुनुपर्ने थियो तर, सैनिकलाई आवश्यक गोली, बारुद, हेलिकप्टर, अत्याधुनिक हतियार भेइकल हुँदा हुँदा जुत्ता समेत विदेशबाट आयात गर्नुपर्ने र अन्तर्राष्ट्रियस्तरमा गएर रोइकराई गर्नुपर्ने थिएन ।

त्यतिले त चेत फिर्नुपर्थ्यो नाकाबन्दी हुन्जेलसम्म भारतको विरोध गर्ने नाकाबन्दी खोल्ने बित्तिकै बिर्सिहाल्ने रोग पुनरावृत्ति भयो अर्को उदेक लाग्दो त राणाकालिन विराटनगरस्थित जुटमिलको पाटपूर्जा त बेचेर खाए खाए बनाइएको भवनको ईँटा समेत भत्काएर बेचेर खाने राष्ट्रवादी पनि हाम्रै देशमा देखियो । त्यस्तैयस्तै क्रान्तिले नेपालमा उद्योग बन्द गराउने, खेती गर्न बन्द गराउने, गोलभेडा पनि विदेशबाट किनेर ल्याई खानुपर्ने, २० वर्षमा एउटा आयोजना पूरा नहुने राणा शासन, बहुदलीय व्यवस्था, ठिक छैन भन्नेहरुले नै अचेल त्योभन्दा बढी अनियमितता गरेर सुविधायुक्त ठाउँहरुमा घर घडेरी जोड्ने, छोराछोरीलाई अष्ट्रेलिया, युरोप, अमेरिका पढ्न पठाउने गरिब र स्थानीय रुपमा आएको बजेट मिलिजुली टाठावाठाले रित्याउने गरिब दुखीले अकालमा बाटो राम्रो नहुँदा दुर्घटनामा परेर ज्यान गमाउनु पर्ने, स्थानीय निकायका प्रमुखहरुको सबैको निजि निवास काठमाडौं वा जिल्लाका सदरमुकाममा हुने भन्ने बेलामा स्थानीय अधिकारको कुरा गर्ने, बार्षिक झण्डै ४ अर्वको गाडी मात्र खरिद गरेर समृद्धिको सपना देखिने नेपालको राष्ट्रवादले देशलाई कति फाइदा गर्दैछ ?

नेपालमा भएका शक्ति राष्ट्रहरुका कुटनीतिज्ञहरुले जथाभावी बोल्दै हिँड्दा र अमर्यादित बनेर भेटघाट वा राजनीतिक चासो राख्दा नदेख्ने तर गणतन्त्रले विस्थापित गरेपछि सामान्य नागरिक बनेर बसेका पूर्व राजालाई लान्छना लगाउँदै हिँड्ने राष्ट्रवादले कस्तो खालको देश निर्माण गर्दैछ ? कस्तो राजनीतिक संस्कार विकास गर्दैछौं हामी ।

नेपाल राष्ट्र त्यत्तिकै अहिलेसम्म स्वतन्त्र रहेको होइन । नेपालीहरुको एकता, धार्मिक सहिष्णुता, सदभाव कायम गरेर हाम्रा पूर्खाहरुले देखाएको अदम्य सहास र बुद्धिमत्ता कुटनीतिक चालले गर्दा नै नेपाल राष्ट्र स्वतन्त्र रहेको हो । त्यो अहिले विस्तारै भत्किँदै, भत्काउँदै लगेको देखिन्छ यस्तो छ नेपालको खोक्रो राष्ट्रवाद । युवा पुस्ताले सोच्ने बेला आएको छ ।

## ठोसे...

युद्ध गरेर नेपाल देशले भोटलाइ युद्धमा हराएको थियो रे , तर आज नेपालमा प्रजातन्त्र आएपछि ठोसेवाट उत्खनन् गरी फलाम बनाउने काम सदाको लागि बन्द छ । जे जस्तो अवस्थामा भएपनि ठेसेलीहरु जहिले पनि मानवहित सामाजिक काम साथै मेहनत गर्न कहिल्यै पछि परेक छैनान् भन्ने उदारण यो ठोसे बजार काठमाडौ नेवाः पुचले दिएको छ । यो रामेछाम जिल्लाबासीहरुको लागि नै गौरबको बिषय हो ।

## मुक्तिनाथ ...

पब्लिकेशन प्रा.लि.ले सम्मान गरेको थियो ।

त्यसैगरी मुक्तिनाथ गोसाइकुण्ड यात्रानुभवमा सहभागी भएका सहयात्रीहरुलाई लेखनले मायाको चिनो सम्मानपत्र प्रदान गरेका थिए । लेखकले यो भन्दा अगाडि पनि चुनौती (संयुक्त मुक्तक संग्रह) प्रकाशित लेखिसकेका छन् ।

## मेगा ...

आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा बैंकले कर्जा तथा ब्याज असुलीमा गरेको प्रभावकारी कार्यबाट निस्क्रिय कर्जाको अनुपातमा उल्लेख्य सुधार ल्याइ उक्त अनुपात ०.८६ प्रतिशत कायम राख्न सफल रहनुका साथै व्यवसायको आकारमा (निक्षेप तथा कर्जा) पनि उल्लेख्य वृद्धि गर्न सफल रहेकोले नै खुद मुनाफा तथा वितरणयोग्य मुनाफामा उल्लेख्य प्रगति हासिल गरेको छ ।

हाल मेगा बैंकले देशभर १०२ शाखा, १९ वटा एक्सटेन्सन काउन्टर, १०३ वटा एटिएम सञ्जाल, ११९ वटा शाखारहित बैंकिङ्ग केन्द्रहरु र २,५०० भन्दा बढी मेगा रेमिट एजेण्ट मार्फत आफ्नो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको छ । निकट भविष्यमै थप नयाँ शाखा एवं काउन्टरहरु ल्याउने तयारीमा बैंक रहेको छ । स्तरीय वित्तीय सेवा मार्फत सबैको विश्वास जित्दै अघि बढ्ने क्रममा बैंक रहेको छ ।

# चलचित्र घरजमको टिजर र पोष्टर सार्वजानिक

हङकङ । मौसम ईम्बुङ लिम्बुको निर्देशनमा चलचित्र 'घरजम'को टिजर र पोष्टर हङकङबाट सार्वजानिक भएको छ । निर्माताद्वय किशोर पंधाक र इत्छिङ्सा तुम्बापो पंधाक, निर्देशक मौसम इम्बुङ, कलाकार हेमराज अन्छङ्बोको उपस्थितिमा जानकारी सभामार्फत चलचित्रको टिजर र पोष्टर सार्वजानिक भएको हो ।




जानकारी सभामा चलचित्रबारे निर्देशक मौसम इम्बुङले हङकङबाटै सोच बढेको, लगानी पनि हङकङबाटै भएको घरजमलाई हङकङबाटै टिजर र पोष्टर सार्वजानिक गर्न पाउनु खुशीको कुरो बताएका थिए । निर्माता किशोर पंधाकले नेपाली समाजको सामाजिक, सांस्कृतिक पक्षलाई समेटर चलचित्र बनाइएको जनाएको थिए ।

पुर्वी नेपालको जनजीवन समेटेर नयाँ चलचित्र निर्माण भएको हो । उपेन्द्र सुब्बाको कथा संग्रह 'लाटो पहाड'मा समेटिएको कथावस्तुका केही अंशलाई समेटेर निर्माण सुरु गरिएको चलचित्र 'घरजम' पाँचथरको याङ्वरक र उपत्याकाको ललितपुरमा छायांकन भएको हो ।

चलचित्रमा सिर्जना सुब्बा, बुद्धि तामाङ, यासेली योङहाङ, शैलेन्द्र थेबे, कुशल थलङ, सुष्मा लिम्बू, किशोर पंधाक, सीता तुम्बापो पंधाक, हेमराज अन्छङ्बो, बबिता फोम्बो, इसिका जबेगु, जीवन भट्टराई, भरतमणि पौडेल, प्रेम ओझा, कुमार ढकाल, सागर केरुङ, घटिका थेबे, रवि सेर्मा, लक्ष्मी योङहाङ, बाबा मेन्याङ्बो, सञ्जय निङ्लेकु, दिनेश माङ्मु, नुनाम केरुङ, पुर्णिमा लिम्बू, कमिता तुम्बापो, टीआर सेनेहाङ, वीरेन्द्र खाम्धाक (सिक्किमे कलाकार), स्वयं सिंजाङगु, आयुषा लिम्बूखिम, तेज मेन्याङ्बो, सीता योङ्यालगायत छन् ।

आशिष तावा र नुनाम केरुङले स्थानीय संयोजन गरेको चलचित्रमा मुख्य सहायक निर्देशक रवि सेर्मा, कोरियोग्राफर दिनेश माङ्मु, छायांकन युवराज राई, श्रृङ्गार विनोद तामाङ, कास्टिङ डाइरेक्टर सिर्जना सुब्बा, कला निर्देशक शैलेन्द्र थेबे र प्रोडक्सन म्यानेजर विमल धमला छन् ।

रोमियो फिल्म्स् प्रा.लि.को ब्यानरमा निर्मित चलचित्र घरजम चलचित्रलाई आगामी १५ सेप्टेम्बर २०१९ आईतबार बेलुकी ७:३० बजे हङकङस्थित वाम्पो गोल्डेन हार्वेस्ट सिनेमा हलमा घरजमको हङकङ ग्राण्ड प्रिमियर शो हुने भएको छ ।




जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, सम्पर्क कार्यालयः ०१-४४६२९३९, चाबहिल, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस